म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०३ मंगलबार, २६ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 10 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## समानुपातिकतर्फ पनि रास्वपाको अग्रता

हेटौंडा, २५ फागुन/मकवानपुरका दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा समानुपातिकतर्फको मतगणनामा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अग्रस्थानमा देखिएको छ । प्रत्यक्षतर्फ दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारहरु नै विजयी भएका थिए । यो समाचार तयार पार्दासम्म मकवानपुर क्षेत्र नम्बर १ मा समानुपातिकतर्फ रास्वपाले ३६ हजार ६ सय ३१ मत प्राप्त गर्दै अग्रता बनाएको छ । दोस्रो स्थानमा राष्ट्रिय परिवर्तन पार्टीले १० हजार २ सय ८२ मत पाएको छ । नेकपा (एमाले) ले ८ हजार ४ सय ३०, नेपाली कांग्रेसले ७ हजार ७ सय २४, नेपाल कम्युनिस्ट पार्टीले ५ हजार ६ सय ८४, राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ हजार ५ सय २५ र श्रमसंस्कृति पार्टीले २ हजार ४ सय ३८ मत प्राप्त गरेका छन् । यस्तै, मकवानपुर क्षेत्र नम्बर २ मा पनि रास्वपा नै अगाडि रहेको छ । रास्वपाले २८ हजार ४ सय ४४ मत पाएको छ भने नेकपा (एमाले) ले १२ हजार ४ सय ६१ मत प्राप्त गरेको छ । नेपाली कांग्रेसले ८ हजार ५ सय ५७, नेपाल कम्युनिस्ट पार्टीले ७ हजार ६ सय २४, राष्ट्रिय परिवर्तन पार्टीले ६ हजार ८ सय ९७, राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ हजार ३ सय २२ र श्रमसंस्कृति पार्टीले २ हजार ९७ मत पाएका छन् ।

### विद्यार्थी अब्बल बन्नुपर्नेमा जोड दिँदै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

## एमबीबीएस अध्यापन हेटौंडामा सुरु

मनिल महतो

हेटौंडा, २५ फागुन/ बागमती प्रदेश सरकारअन्तर्गत रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस अध्यापन सुरु गरिएको छ ।

चिकित्सा शिक्षा आयोगबाट ५० सिटको स्वीकृति पाएपछि प्रतिष्ठानले यसै शैक्षिक वर्षदेखि एमबीबीएस कार्यक्रम सञ्चालनमा ल्याएको हो । सोमबार नवप्रवेशी विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले प्रदेशका पालिकास्तरमा बनेका अस्पतालहरुमा चिकित्सक तथा स्वास्थ्यकर्मीको अभाव रहेको बताउँदै त्यस्तो अभाव पूर्ति गर्न एमबीबीएस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् ।



मन्त्री थापाले राज्यले नागरिकलाई व्यवस्थित स्वास्थ्यसेवा उपलब्ध गराउनु संवैधानिक दायित्व भएको उल्लेख गर्दै हेटौंडा अस्पताल लगायत प्रादेशिक अस्पतालको सेवासुविधा हरेक वर्ष विस्तार गरिँदै लगिएको बताए । जिल्ला अस्पतालकारुपमा रहँदा र प्रतिष्ठान मातहत आउँदा हेटौंडा अस्पतालमा धेरै फरक आएको उनले दाबी गरे । हाल मकवानपुरसहित मधेश प्रदेशका पाँच जिल्लाका बिरामी उपचारका लागि हेटौंडा आउने गरेको उनले बताए । मन्त्री थापाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका विद्यार्थी अन्य प्रतिष्ठानका भन्दा अब्बल चिकित्सककारुपमा निस्कने अपेक्षा जनाए ।

हेटौंडालाई स्वास्थ्यक्षेत्रको शैक्षिक हबकारुपमा विकास गर्दै लैजाने प्रदेश सरकारको लक्ष्य रहेको मन्त्री थापाले बताए । प्रतिष्ठानका संस्थापक कुलपति एवं बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले प्रतिष्ठान स्थापना गर्न निकै ठूलो संघर्ष भएको स्मरण गर्दै विद्यार्थीलाई अनुशासित ढंगले अध्ययन गर्न आग्रह गरेका छन् । उनले विद्यार्थीलाई पढाइमा मात्रै केन्द्रित रहन आग्रह गरे । अन्य किसिमका चलखेल नगर्न विद्यार्थीलाई सचेत गराए । अन्य प्रतिष्ठानसँग प्रतिस्पर्धा गर्ने नभई अन्य प्रतिष्ठानले मदन भण्डारीसँग प्रतिस्पर्धा गर्ने वातावरण बनाउन आग्रह गरे ।

पूर्वमुख्यमन्त्री पौडेलले प्रतिष्ठानलाई विद्यार्थीको पहिलो रोजाइ बन्ने गरी शैक्षिक गतिविधि सञ्चालन गर्ने लक्ष्य रहेको बताए । प्रतिष्ठान हेटौंडाको मात्र नभई समग्र प्रदेशको साझा गौरवकारुपमा विकास हुँदै जाने उनको अपेक्षा छ । हाल प्रतिष्ठानका विभिन्न कार्यक्रम हेटौंडाको गौरीटार, हेटौंडा-११ स्थित नलेज भिलेज, हुप्रचौर र कमानेमा सञ्चालन भइरहेका छन् । छरिएर रहेका कार्यक्रमलाई एउटै भवनबाट सञ्चालन गर्न प्रदेश सरकारको १२ करोड लगानीमा भवन निर्माण गर्न लागिएको उपकुलपति प्रदीप ज्ञवालीले बताए । प्रतिष्ठानमा हाल एमबीबीएससहित बीएससी नर्सिङ, ब्याचलर अफ फार्मेसी, बीएस्सी एमएलटी (मेडिकल ल्याब टेक्नोलोजी) र पब्लिक हेल्थ विषयमा अध्ययन भइरहेको छ ।

सात विषयमा एमडी कार्यक्रम सञ्चालनमा रहेको छ । यसवर्ष एमडी कार्यक्रमका लागि ९ विषय थप गरिएको छ भने सिट संख्या ८ बाट बढाएर २७ पुऱ्याइएको छ । वि.सं. २०७६ असोज २ गते ऐन पारित भएपछि स्थापना भएको प्रतिष्ठानले स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा, अनुसन्धान र दक्ष चिकित्सक उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । प्रतिष्ठानमा ४ विदेशीसहित ४६ जना विद्यार्थी एमबीबीएस कार्यक्रममा भर्ना भएका छन् ।

## बागमतीका १० जिल्लामा रास्वपाको 'क्लिन स्वीप'



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ काठमाडौं उपत्यकामा सबै क्षेत्र जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उपत्यका बाहिर पनि बागमती प्रदेशका १० जिल्लाका १८ वटा निर्वाचन क्षेत्रमा सबैभन्दा धेरै सिट जितेको छ ।

१८ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये रास्वपाले १६ निर्वाचन क्षेत्रमा विजय हासिल गरेको हो । बागमती प्रदेशमा सबैभन्दा अन्तिममा मतगणना सकिएको नुवाकोट-१ मा पनि रास्वपा नै विजयी भएको छ । रास्वपाका उम्मेदवार विक्रम तिमिल्सिनाले २२ हजार ६०९ मत ल्याएर विजयी भएका छन् । उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका डा. प्रकाशशरण महतले १८ हजार ५९७ मत प्राप्त गरेका छन् । उपत्यका बाहिरका १८ वटै निर्वाचन क्षेत्रमा नेकपा (एमाले) ले जीत निकाल्न सकेन ।

नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भने एक-एक निर्वाचन क्षेत्रमा खाता खोल्न सफल भएको छन् । यसअघि कांग्रेसको गढ बनेको रसुवामा मोहन आचार्यले विरासत कायम राख्दा उपत्यका बाहिर बागमतीका १८ मध्ये एक सिट जितेको हो । आचार्य १० हजार ६५६ मत प्राप्त गरेर विजयी भएका हुन् । यता, सिन्धुपाल्चोक-२ मा नेकपाका उम्मेदवार युवराज दुलाल विजयी भएका हुन् । उनले २१ हजार ६९९ मत प्राप्त गरे । दुलालले कांग्रेसका उम्मेदवार वंशलाल तामाङलाई पराजित गरेका हुन् । यी क्षेत्रबाहेक सबै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका छन् ।

रास्वपाले १६ निर्वाचन क्षेत्रमा जीत निकालेको छ । दोलखामा ३२ हजार ३७६ मत सहित जगदीश खरेल विजयी भएका हुन् भने रामेछापमा २४ हजार ८०८ मत कृष्णहरि बुढाथोकी विजयी भएका छन् । दुईवटा निर्वाचन क्षेत्र रहेको सिन्धुलीमा रास्वपाकै क्लिन स्वीप भएको छ । सिन्धुली-१ मा धनेन्द्र कार्कीले १६ हजार ६५९ मत ल्याएर विजयी हुँदा सिन्धुली-२ मा आशिष गजुरेलले १७ हजार ९४० मत प्राप्त गरेर विजयी भएका हुन् । यस्तै, धादिङमा पनि रास्वपाकै क्लिन स्वीप भएको छ ।

धादिङ-१ मा आशिका तामाङले ३९ हजार १२८ मत प्राप्त गरेर विजयी भइन् भने धादिङ-२ मा बोधनारायण श्रेष्ठले २६ हजार २४५ मत प्राप्त गरेर विजयी भए । नुवाकोट-२ मा अच्युतम लामिछाने ३२ हजार ५४ मत सहित विजयी हुँदा काभ्रेको दुवैक्षेत्रमा रास्वपाले विजय हासिल गऱ्यो । काभ्रे-१ मा मधुकुमार चौलागाई २९ हजार ६१८ मत सहित विजयी हुँदा काभ्रे-२ मा बदनकुमार भण्डारी ५३ हजार ३५४ मत सहित विजयी भए । सिन्धुपाल्चोक-१ मा भरतप्रसाद पराजुलीले २४ हजार ४१२ मत ल्याएर विजयी हुँदा चितवनका तीनै क्षेत्रमा रास्वपाको क्लिन स्वीप भएको छ ।

चितवन-१ मा सोबिता गौतम ५९ हजार २७७ मत ल्याएर विजयी हुँदा चितवन-२ मा रास्वपा सभापति रवि लामिछानले ५४ हजार ४०२ मत प्राप्त गरेर विजयी भए । चितवन-३ मा हरि ढकालले ५८ हजार २०८ मत प्राप्त गरेर विजयी भएका हुन् । दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा पनि रास्वपाले क्लिन स्वीप गरेको छ । मकवानपुर-१ मा रास्वपाका प्रकाश गौतमले ३३ हजार ३६ मत प्राप्त गरेर विजयी हुँदा मकवानपुर-२ मा प्रशान्त उप्रेतीले ३० हजार ५० मत प्राप्त गरेर विजयी भएका हुन् ।

## सबैभन्दा बढी साक्षरता दर रहेको काठमाडौंमै ८ हजार भन्दा बढी मत बदर




साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सबैभन्दा बढी साक्षरता दर रहेको काठमाडौंमा आठ हजार १९७ मत बदर भएको छ ।

जिल्ला निर्वाचन कार्यालय, काठमाडौंका जिल्ला निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईका अनुसार काठमाडौं क्षेत्र नं १० मा एक हजार २२६ मत बदर भएको छ । यो क्षेत्रमा ८३ हजार ३०१ मतदाता छन् । साठी हजार ४४१ तत खसेकामा त्यसमध्येमा ५९ हजार २१५ मत सदर भएको हो । निर्वाचन क्षेत्र नं ९ मा ९३३ मत बदर भएको छ । कूल ७८ हजार ४९५ मतदाता रहेको यस क्षेत्रमा ५२ हजार ७४० मत खसेको थियो । यो क्षेत्रमा ५१ हजार ८०७ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ८ मा ६२३ मत बदर भएको छ । त्यहाँ कूल मतदाता ५७ हजार ८११ छन् । सड्तीस हजार ७९४ मत खसेकामा ३७ हजार १७१ मत सदर भएको थियो ।

निर्वाचन क्षेत्र नं ७ मा ८०५ मत बदर भएको छ । ६८ हजार ६८५ कूल मतदाता रहेको क्षेत्रमा ४४ हजार ८५७ मत खसेको थियो । यस क्षेत्रमा ४४ हजार ०५२ मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं ६ मा ८११ मत बदर भएको छ । ६७ हजार ७५९ कूल मतदाता रहेको यस क्षेत्रमा ४५ हजार २४८ मत खसेको थियो । यहाँ ४४ हजार ४३७ मत सदर भएको जिल्ला निर्वाचन कार्यालय काठमाडौंले जनाएको छ । निर्वाचन क्षेत्र नं ५ मा ९०२ मत बदर भएको छ । कूल ७८ हजार ११४ मतदाता रहेको यस क्षेत्रमा ५१ हजार ९६९ मत खसेको थियो । ५१ हजार ०६७ मत सदर भएको थियो ।

निर्वाचन क्षेत्र नं ४ मा ८६२ मत बदर भएको छ । कूल ७६ हजार २५१ मतदाता रहेको यस क्षेत्रमा ५० हजार ९६३ मत खसेको थियो । खसेकोमध्येमा ५० हजार १०१ मत सदर भएको जनाइएको छ । निर्वाचन क्षेत्र नं ३ मा ९४० मत बदर भएको छ । ६४ हजार ४७९ कूल मतदाता रहेको यस क्षेत्रमा ४४ हजार १९० मत खसेको थियो । खसेकोमध्ये ४३ हजार २५० मत सदर भएको थियो । निर्वाचन क्षेत्र नं २ मा एक हजार ०९५ मत बदर भएको छ । कूल ८८ हजार ७०८ मतदाता रहेको यस क्षेत्रमा ५९ हजार ४४१ मत खसेको थियो । खसेकोमध्ये ५८ हजार ३४६ मत सदर भएको थियो ।

निर्वाचन क्षेत्र नं १ मा ४३४ मत बदर भएको छ । कूल मतदाता ५५ हजार २९२ रहेको यस क्षेत्रमा ३२ हजार ३१४ मत खसेको थियो । जसमध्ये ३१ हजार ८८० मत सदर भएको थियो । देशभर कति मत बदर भयो भन्ने मंगलबार सबै मतगणना सकिएपछि भन्न सकिने आयोगले जनाएको छ । अहिलेसम्मको विवरणअनुसार चार प्रतिशत मत बदर भएको अनुमान गरिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

## सेयर बजारमा हरियो कार्पेट



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ चुनावी परिणामको प्रभावले सेयर लगानीकर्तामा अभूतपूर्व उत्साह देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको एकल बहुमत (करिब दुईतिहाई मत) आएपछि स्थिर सरकार बन्ने र त्यसले नीतिगत स्थिरता हुने आशासहित लगानीकर्ताले खरीदारी बढाउँदा सोमबार बजार खुलेदेखि नै सेयर किन्न नपाउने अवस्था देखियो ।

किन्नेहरु मात्र थुप्रिएपछि र बिक्री गर्न कोही तयार नभएपछि एक मिनेटमै बजारमा पहिलो सर्किट लाग्यो । २० मिनेट कारोबार हल्ट गरी खुलेको बजारमा फेरि अर्को मिनेटमा नेप्से ५ प्रतिशत बढेपछि सर्किट लगाइयो । दोश्रो सर्किटपछि ४० मिनेटका लागि कारोबार हल्ट गरिएको थियो । त्यसपछि खुलाइएको बजार फेरि अर्को एक मिनेटमा थप १ प्रतिशत अर्थात कुल ६ प्रतिशतले बढेपछि तेश्रो सर्किट लगाएर सोमबारका लागि कारोबार स्थगित गरियो । यो दिन नेप्से परिसूचक १६२.९३ अंकले बढेर २८७५.४३ को विन्दूमा पुग्यो ।

२५३ कम्पनीको सेयर खरीदबिक्री भएको बजारमा ५१ करोड बढीको कारोबार भयो । यसरी हेर्दा चुनावपछि खुलेको बजारमा अभूतपूर्व उछाल र उत्साहको अवस्था देखिएको छ । जसका कारण तीनवटा सर्किटअघिको अवधि हेर्दा जम्माजम्मी ३ मिनेट मात्र कारोबार हुन पायो । सामान्य अवस्थामा ४ घण्टासम्म कारोबार हुने बजार जम्माजम्मी ३ मिनेटको कारोबार भएर बन्द भयो । सेयर बजारले चुनावअघिकै केही कारोबार दिनमा चुनावपछिको परिदृश्य संकेत गरिरहेको थियो ।

देश रास्वपामय भएको छनक बजारले चुनावअघि नै दिइसकेको थियो । प्रतिनिधिसभा निर्वाचनमा रास्वपाको स्पष्ट बहुमत आउने र त्यसले राजनीतिक अन्यौलता, नीतिगत स्खलन तथा ६/६ महिनामा नयाँ सरकार बन्ने दुर्भाग्यपूर्ण अवस्थाको अन्त्य गर्ने धेरैमा विश्वास देखिएको हो । ठूला तथा संस्थागत लगानीकर्ताहरु चाहिँ चुनावअघिसम्म पनि 'पर्ख र हेर'को अवस्थामै थिए । चुनावअघिको केही कारोबार दिनमा बैंक तथा वित्तीय संस्थालगायत केही संस्थागत लगानीकर्ताले भने चूपचाप खरीदारी बढाउन थालेका थिए । कतिपय लगानीकर्ताले भने चुनावअघि कित्ता थपेर जूवा खेल्ने रणनीतिसहित खरीदारी बढाउँदा त्यसको सकारात्मक प्रभाव बजारमा देखिएकै हो ।

चुनावपछि त्यसको परिणामले यस्तो अवस्था देखाइदियो कि पर्ख र हेरको अवस्थामा रहेका ठूला तथा संस्थागत लगानीकर्ता समेत आक्रामक ढंगले बजार प्रवेश गर्न खोजेको देखिन्छ । ठूला लगानीकर्ताको यही आक्रामक बलका कारण बजारमा उछाल आएको हो । सेयर लगानीकर्तामा रास्वपाको स्थिर सरकार बनेपछि अर्थतन्त्र र सेयर बजारलाई राम्रोसँग बुझेका डा. स्वर्णिम वाग्ले अर्थमन्त्रीको रुपमा आउने विषयले प्रभाव पारेको देखिन्छ । रास्वपाले चुनावी बाचापत्रमा अन्य दलभन्दा एक्कदम अगाडि बढेर सेयर बजारको दिगो सुधार तथा विकासका लागि सार्वजनिक गरेका प्रतिबद्धताका कारण अहिले लगानीकर्तामा उत्साह थपेको देखिन्छ ।

रास्वपाले बाचापत्रमा सेयर बजारको आमूल सुधार गरी नेप्सेलाई अन्तराष्ट्रियस्तरको बनाउने घोषणा गरेको छ । यो विषयले समेत लगानीकर्ताको अहिलेको उत्साहमा इन्धन भर्ने काम गरेको देखिन्छ । बजारविज्ञ तथा विश्लेषक र अनुभवी लगानीकर्ताले यो बुल लामो समयसम्म रहने तथा नेप्से परिसूचकले अलटाईम हाईको रेकर्ड ब्रेक गर्नेसम्मको प्रक्षेपण गरिरहेका छन् । राजनीतिमा आएको ऐतिहासिक परिवर्तन र त्यसपछि बजारका लगानीकर्तामा देखिएको उत्साहलाई हेर्ने हो भने नेप्सेले अलटाईम हाई ब्रेक गर्ने समय आउन धेरै दिन पर्खिनु नपर्ने देखिन्छ ।



साझाकुरा

## हाम्रो कुरा

# 'कम्युनिष्ट गढ'मा भूकम्प

मकवानपुरमा रास्वपाको विजयसँगै ३६ वर्षपछि कम्युनिस्टको गढ भत्किएको छ । विगतका ७ वटा निर्वाचनमा मकवानपुरले वामपन्थी जनप्रतिनिधि पाइरह्यो । तर, ३४ वर्षपछि अर्थात् २०८२ को निर्वाचनमा भने मकवानपुर वामपन्थी जनप्रतिनिधिविहीन बन्न पुगेको हो । कम्युनिस्ट साम्राज्य भत्किँदा दुवै सिट नयाँ दल रास्वपाले जित्यो । २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा भएको निर्वाचनमा दुईपटक राप्रपाले र एकपटक मात्रै कांग्रेसले जितेको छ । त्यो पनि एउटा निर्वाचन क्षेत्र मात्रै । बाँकीमा वामपन्थी उम्मेदवार विजयी भएका थिए । २०५१ को मध्यावधि निर्वाचनमा मकवानपुर-१ मा राप्रपाका कमल थापाले र २०७९ मा राप्रपाकै दीपक सिंहले चुनाव जितेका थिए । २०७० को दोस्रो संविधानसभा निर्वाचनमा १ नम्बर क्षेत्रबाट पहिलोपटक कांग्रेसका इन्द्रबहादुर बानियाँ विजयी भए । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा चारवटै क्षेत्र तत्कालीन नेकपा माओवादी केन्द्रका उम्मेदवारले जितेका थिए ।मकवानपुर जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टीले 'क्लिन स्वीप' गरेको छ ।

२०४६ सालमा बहुदल आएपछि भएका २०४८ यताका निर्वाचनमा कम्युनिस्टहरुले निरन्तर झडा गाड्दै आइरहेको मकवानपुर २०८२ को निर्वाचनमा आइपुग्दा वामपन्थी जनप्रतिनिधिविहीन बन्न पुगेको छ । मकवानपुरका दुवै प्रतिनिधिसभा क्षेत्र ३ वर्षअघि मात्रै स्थापित नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जितेको छ । मकवानपुरको क्षेत्र नं. १ मा रास्वपाका प्रकाश गौतम बिजयी भए । उनी निकटतम् प्रतिस्पर्धीभन्दा दोब्बर बढी मतले विजयी भएका हुन् । ३७ वर्षीय हेटौंडा-५ घर भएका गौतम ३६ हजार ३३ मत ल्याएर निर्वाचित भए । उनका निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय डीनाले १४ हजार ३८ मत ल्याइन् । प्रतिस्पर्धामा तेस्रो भएका नेकपा एमालेका रामेश्वर रानाले १२ हजार ७८३ मत प्राप्त गर्दा अघिल्लो निर्वाचनका विजेतासमेत रहेका राप्रपाका दीपकबहादुर सिंह छैठौं स्थानमा खुम्चिँदै ४ हजार ५७४ मतमा चित्त बुझाउन बाध्य भए । २०७९ सालको प्रतिनिधिसभा निर्वाचित सिंहको धरौटी जफत भएको छ । अघिल्लो निर्वाचनमा २७ हजारभन्दा बढी मत ल्याएर निर्वाचित भएका सिंहले फागुन २१ को निर्वाचनमा भने ४ हजार ७ सय ७५ मत मात्रै प्राप्त गरे । यसक्षेत्रमा १३ राजनीतिक दल र १० स्वतन्त्र गरी २३ जना उम्मेदवार प्रतिस्पर्धामा रहेकोमा विजयी उम्मेदवारसहित पाँचजनाले मात्रै आफ्नो धरौटी जोगाएका छन् । धरौटी जोगाउने नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय डीना, नेकपा एमालेका रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीका विजय गौतम र उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामा रहेका छन् । यसक्षेत्रका ११ जना उम्मेदवारले ५० मतसमेत कटाउन सकेनन् । मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा कुल ९५ हजार ३ सय १० मत खसेको थियो । त्यसमध्ये ९० हजार ७ सय २५ मत सदर भएको थियो । क्षेत्र नं. २ मा १६ राजनीतिक दल र ५ स्वतन्त्र गरी २१ जना उम्मेदवार प्रतिस्पर्धामा थिए ।

यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका प्रशान्त उप्रेती, नेपाली कांग्रेसका बुद्ध लामा, नेकपा एमालेका महेश बर्तौला, नेपाली कम्युनिष्ट पार्टीका लवशेर विष्ट र उज्यालो नेपाल पार्टीका प्रवीणकुमार स्याङ्तानले धरौटी जोगाएका छन् । यसक्षेत्रबाट रास्वपाका उप्रेती विजयी भएका थिए । कुल सदरमतको १० प्रतिशत मत प्राप्तगर्न नसक्ने उम्मेदवारको धरौटी जफत हुने कानुनी व्यवस्था रहेको छ । उम्मेदवारी दर्ता गर्दा बुझाएको १० हजार रुपैयाँ राज्यकोषमा जाने व्यवस्था छ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का गौतमले १० हजार ७८८, उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले १० हजार २०५, श्रमसंस्कृति पार्टीकी विद्या श्रेष्ठले १ हजार २४ मत ल्याएका छन् । १ नम्बर क्षेत्रमा ९५ हजार ३ सय १० मत खसेको थियो । मकवानपुर-१ मा हरेक निर्वाचनमा मतदाताले फरक-फरक दललाई जिताउँदै आएका छन् । यस क्षेत्रलाई कहिले एमाले, कहिले कांग्रेस, कहिले माओवादी र कहिले राप्रपाको प्रभाव क्षेत्रकारुपमा पनि चिनिने गरेको छ । अन्तिम मतपरिणामअनुसार उप्रेतीका निकटतम् प्रतिस्पर्धी नेकपा एमालेका महेश वर्तौलाले १८ हजार ८ सय ४६ मत प्राप्त गरे । नेपाली काँग्रेसका बुद्ध लामाले १५ हजार ५६ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका लवशेर विष्टले १२ हजार ४ सय ९२ मत प्राप्त गरेका छन् । ६२ वडा रहेको यस क्षेत्रमा कुल ९१ हजार २ सय ४१ मत खसेको थियो ।

# चुनावपछिको कांग्रेस र गगन थापा



✍ झलक सुवेदी

चुनावमा पहिले कल्पना नगरिएको स्तरमा जित हासिल गर्दै रास्वपा दुईतिहाइ नजिक पुगिरहँदा यसका कार्यकारण सम्बन्धहरूको खोजी जारी छ । रास्वपाको जितका अर्थ र परिणामका बारेमा बहस हुँदै गर्दा यससँगै जोडिएर आउने विप्ल्याँटो पाटो छः कम्युनिस्ट पार्टीहरू र नेपाली कांग्रेसको लज्जास्पद पराजय ।

यो लेख तयार पार्दासम्म समानुपातिक मतगणनाको परिणाम हेर्दा रास्वपाले ४८ प्रतिशत हाराहारी मत प्राप्त गर्ने, कांग्रेसले १६ र एमालेले १४ प्रतिशत मत प्राप्त गर्ने अवस्था देखिएको छ । नेकपाले ७ प्रतिशत जति मत प्राप्त गर्ने देखिन्छ । अघिल्लो निर्वाचनमा ४० प्रतिशतभन्दा माथि मत ल्याएका कम्युनिस्टहरू समग्रमा २० प्रतिशतवरपर सीमित भएका छन् ।

कांग्रेस २५ प्रतिशतबाट १६ मा झरेको छ । यसरी हेर्दा यो चुनावबाट सबैभन्दा बढी गुमाउनेमा नेकपा एमाले र नेकपा बनेका छन् । कम्युनिस्ट पार्टीहरूमाथि उनीहरूको भविष्यलाई लिएर प्रश्न उठाउन थालिएको सन्दर्भमा लामो र विस्तारित चर्चा आवश्यक छ । त्यो काम अर्को अंकका लागि छाडेर यो आलेखमा कांग्रेस पराजयको सन्दर्भमा केही चर्चा गरिनेछ ।

१. नेपालमा पुँजीपति वर्गको हित रक्षा गर्ने कांग्रेसबाहेकको विश्वसनीय वैकल्पिक शक्ति नभएको अवस्थामा रास्वपाको जितले उदार वादी खेमामा उत्साह थपिएको छ । पराजयबाट दुःखी हुन अब कांग्रेससँग आफ्ना कार्यकर्ता र सदस्य मात्र बाँकी छन् । शुभचिन्तकहरू र विकल्प नभएको समयमा कांग्रेसबाटै लाभ लिएकाहरूको पङ्क्ति बिस्तारै नयाँ डेमोक्रेटिक शक्तिका रूपमा रास्वपालाई स्वीकार गर्दै उतै लहसिनेछन् ।

कांग्रेसलाई भुइँबाट उठ्न, धुलो टक्टक्याएर अघि बढ्न आवश्यक खुराक दिने बौद्धिकहरू समेतलाई नयाँ शक्तिको जितको मात लागेर तिनको जिब्रो लरबराउन थालिसकेको छ । विचारधाराका रूपमा उदारवादी राजनीतिका समर्थकहरूका लागि नयाँ विकल्प उपस्थित भएको छ । यस मानेमा यो परिणाम, यस अगाडिसम्मका धेरै कांग्रेसी मतदाताका लागि जित र हार दुवै बन्न पुगेको छ ।

२. नेपाली कांग्रेसको व्यक्तित्वमा अविच्छिन्न रूपमा दुईवटा पक्षहरू गाँसिएर आउँछन् । पहिलो, स्थापनाकालमा यो समाजवादी आदर्शबाट प्रेरित थियो । संसदीय उदारवादी व्यवस्थाभित्रबाट, अझ प्रस्ट भन्नुपर्दा पुँजीवादी उत्पादन पद्धतिकै सीमाभित्र सामाजिक न्यायका पक्षमा उभिने र सीमान्त वर्गको हित पनि हेर्ने यसको आदर्श थियो । यही कारणले पनि, बीपीकै समयदेखि अमेरिकी धुरीको विद्यमान विश्व पुँजीवादी व्यवस्थाका चालकहरू कांग्रेससँग निकटता र दूरी कायम गर्दै काम गर्थे ।

पहिलोपटक गिरिजाप्रसाद प्रधानमन्त्री हुँदा लिइएका नवउदारवादी आर्थिक नीतिका कारण यो पश्चिमा पुँजीवादको निकट पुगेको थियो, नवउदारवादका औजारहरूको प्रयोगकर्ता बनेको थियो । ज्ञानेन्द्रले 'कु' गरेर शक्ति हत्याएको र आम जनमतमा समाजवादी विचारप्रतिको झुकाव बढेको समयमा यसले सत्ताका लागि मात्रै भए पनि समाजवादी नीतिप्रति झुक्दै गयो । त्यसैले विश्व पुँजीवादको नयाँ चरणमा नेपालमा उनीहरूका लागि बुर्जुवा वर्गको विश्वासिलो पार्टी चाहिएको थियो ।

दोस्रो, कांग्रेसको हुर्काइलाई, त्यसको विचार निर्माणलाई प्रभावित पारेको भारतीय नेतृत्वसँगको सम्बन्धले हो । भारतीय सहरमा निर्वासित या अध्ययनका लागि गएका उच्च तथा मध्यमवर्गका पढालेखा वर्गको सक्रियतामा बनेको नेपाली कांग्रेसको धेरै उठबस भारतीय कंग्रेस पार्टीका नेता, कार्यकर्ता, बौद्धिक तप्का तथा समाजवादीहरूसँग थियो । नेपाली कांग्रेस लामो समय नेपालमा भारतीय शासक वर्गसँग निकटता रहेको विश्वासिलो मित्रशक्तिका रूपमा रह्यो । बीपीका समयदेखि नै पश्चिमाहरूसँग नेकाको सम्बन्ध भनेको मूलतः युरोपेली समाजवादी र लेबर पार्टीसँग रह्यो । कांग्रेस अहिले पनि समाजवादी इन्टरनेसनलको सदस्य छ । भारतीय राजनीतिक वर्गसँगको उसको सम्बन्ध भारतीय जनता पार्टी निर्णायक भएर आएसँगै कमजोर भएर गएको छ । प्रदीप गिरि र प्रणव मुखर्जीहरू रहुन्जेल अनौपचारिक रूपमा कायम यो सम्बन्ध गगनहरूसम्म आउँदा पातलिँदै गएको छ ।

काठमाडौं र दिल्लीका पनि कतिपय शक्तिकेन्द्रहरू अमेरिकाले आफ्ना कार्यसूची लागू गराउन गगनलाई नै अघि सार्न चाहन्थ्यो भन्ने विश्वास गर्छन् । त्यस्तो प्रयास भएको पनि हुन सक्छ । तर उनी नेतृत्वमा पुग्न ढिलो भएको, केही सामाजिक न्यायका कुरा पनि गरिरहेको र अलिकति युरोपेली विकास मोडलप्रति मोह भएको देखिएकाले पनि उनीबाट आफ्ना योजना पूर्ण रूपमा लागू हुनेमा अमेरिका कम विश्वास गर्न थालेको थियो ।

३. यसकारण बिच्केका अमेरिकीहरू कांग्रेससँग सम्बन्ध कायम गर्दै नेपालमा आफ्ना हितहरूको प्रतिनिधित्व गर्ने अलग शक्ति निर्माणमा सक्रिय थिए । उनीहरू यसका लागि नागरिक समूहहरूमा लगानी गरिरहेका थिए । देख्दा उदारवादी विचारधाराको समर्थन गर्न दिइएको या लिइएको सहयोग मानिए पनि त्यसले अन्तिममा उदारवादभित्रैबाट अनुदारवादी बुर्जुवा विचार बोकेको समूह निर्माणमा योगदान दियो ।

सीआईए र अमेरिकी विदेश मन्त्रालय अलग-अलग रूपमा यसमा लगानी पनि गरिर हेका थिए (दूतावास, युएसएड, एसिया फाउन्डेसन, इन्डोमेन्ट फर डेमोक्रेसी, जर्ज सोरोस फाउन्डेसन आदिबाट यस्तो लगानी प्रवाहित हुन्छ) । रास्वपाबाट यसपटक निर्वाचन लडेका र जितेका कतिपय युवा नेताहरू लामो समय अमेरिकी दूतावासबाट सञ्चालित युथ कंग्रेसमा काम गरेकाहरू रहनु संयोग मात्र होइन (उहाँहरू कसैको पनि देशप्रेममाथि आशंका गर्ने मेरो मनसाय होइन, कसैले पनि यस्तो गर्न मिल्दैन । सरकार या दल र अमुक नेताका नीतिगत निर्णयले या व्यवहारले पुष्टि गरेका खण्डमा भने प्रश्न उठाइने नै छ) ।

रास्वपामार्फत आफ्ना एजेन्डाहरू लागू गर्नु, अर्थनीतिलाई पूर्ण रूपमा ठूलो पुँजीपति वर्गको हित अनुकूल बदल्नु, राज्यको भूमिका सीमित गर्नु र नेपालको बाह्य लगानी र सुरक्षा रणनीतिमा आफ्ना हितहरू सुनिश्चित गर्नु रास्वपामार्फत् अमेरिकाले गर्न चाहेका अरू कामहरू हुन सक्छन् । यसप्रकारका नीतिहरू लागू गराउन कांग्रेसमार्फत गरिएका प्रयासहरू असफल भइसकेका थिए (आफ्नै विगतप्रति गर्व गर्ने र आत्मसम्मान भएको कसैबाट पनि यस्तो हुन सक्दैनथ्यो) । गगन आउँदा उनले समाजवादसँगको सम्बन्ध त तोड्ने नै थिए तर आफ्ना अघिल्लो पुस्ताका नेताहरू खासगरी बीपी र कृष्णप्रसाद भट्टराई तथा गिरिजाप्रसादहरू जस्तै नेपालको अलग विदेश नीति रहने कुर लाई प्राथमिकतामा राख्न कोसिस गरिरहन्थे ।

बीपी कोइरालाका स्वतन्त्र विदेश नीतिहरू र कतिपय अडानहरूले गर्दा उतिबेलै भारतीयहरूसमेत बीपीलाई पन्छाउन चाहन्थे । इतिहासको यो गौरवगाथा गाउनु कांग्रेसलाई राष्ट्रवादी देखाउने एउटा सफ्ट पावर थियो । गतवर्ष प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका पूर्वसन्ध्यामा बीआरआई सम्झौताको प्रारूप तयार पार्न गगनहरूले देखाएको सक्रियता र त्यसबेला भएका विवादले पनि कांग्रेसमार्फत आफ्ना सबै कार्यसूची लागू गर्न सकिन्न भन्ने निष्कर्षमा अमेरिका पुगेको हुनुपर्छ । रास्वपा आउँदैमा विदेश सम्बन्धमा एकपक्षीय झुकाव राख्न नेपाललाई सम्भव छ भन्ने होइन । तर, सुशीला कार्की नेतृत्वको सरकार बनेदेखि नै तिब्बत मामिलामा देखिएको उदारता र दलाई लामाको शुभकामना प्रकरणले पश्चिमा पक्ष रास्वपाबाट के चाहन्छ भन्ने प्रस्टै भइसकेको छ ।

भारत र अमेरिकाको स्वार्थ चीनसँगको सम्बन्धको मामिलामा उस्तै भए पनि भारत र चीन नेपाललाई अमेरिकी धुरीको सक्रिय सदस्य भएको देख्न चाहने छैनन् । यो द्वन्द्वको सन्तुलित व्यवस्थापन गर्न नसके रास्वपाले शासन सञ्चालनमा अनेक अवरोधहरू सामना गर्नुपर्ने निश्चित छ । यता आर्थिक क्षेत्रमा लिइने नीति र वैदेशिक लगानीका क्षेत्रहरूलाई अमेरिकी हित प्राथमिकतामा पार्न दबाब भने रास्वपाले झेल्नु पर्नेछ । जसले अन्ततोगत्वा नेपाललाई भूराजनीतिक घर्षणको नयाँ चरणमा धकेल्नेछ ।

४. नेपालको सन्दर्भमा, अमेरिका र पश्चिमा शक्तिलाई कांग्रेसको विकल्पमा जुन शक्ति चाहिएको थियो त्यसको पूर्ति रास्वपाबाट गर्न खोजिनेछ, दबाब दिइनेछ । यस्तो दबाब रवि, डीपी र स्वर्णिमले सोचेभन्दा बढी अब आफ्नै पङ्क्तिबाट पनि झेल्नुपर्नेछ । चीन र अमेरिकाबीचको तीव्र शक्ति सैर्ष र अमेरिकाले हालै लिन थालेको १७औं, १८औं शताब्दीको जस्तो चुनौती असामान्य बन्दैछन् । एउटा रेडलाइन खिच्न सकेन भने रास्वपाले आन्तरिक र बाह्य प्रतिरोधका यस्ता झट्काको सामना गर्नुपर्नेछ जसले गर्दा उसले अघि सारेका सुशासन र विकासका कार्यसूची लागू गर्नसमेत असम्भव हुनेछ । यसै पनि अब कम्युनिस्ट पार्टीहरूको भविष्य सडक सैर्षमा निर्भर हुँदैछ ।

फागुन २१ को चुनाव सकिएलगत्तै काठमाडौंस्थित अमेरिकी दूतावासले एउटा वक्तव्य जारी गर्दै नयाँ सरकारसँग 'समृद्धि र सुरक्षाका साझा लक्ष्यहरू' मा मिलेर काम गर्न तयार रहेको बताएको छ । सुरक्षाका साझा लक्ष्यको भाष्यभित्र लुकेको रहस्य जटिल र दूरगामी छ । यहींनिर अमेरिकाका नेपालसम्बन्धी नीतिका दबाबहरू झल्किन्छन् । नेपालसँग सरोकार राख्ने अमेरिकी सुरक्षा रणनीतिका मुख्य दुई पिलर इन्डो-प्यासिफिक स्ट्राटेजी र स्टेट पार्टनर सिप प्रोग्राममा नेपाललाई सामेल गराउन यसअघिका कांग्रेस-कम्युनिस्ट नेतृत्वका सरकारहरू पन्छिन खोजेकोले बालेन नेतृत्वको सरकारको यसमा पनि परीक्षा हुनेछ ।

५. यसपालि कांग्रेस पराजयको मुख्य अर्थ भने नेपाली राजनीतिमा गैर-कांग्रेस बुर्जुवा पार्टीको विकल्प निर्माण हुँदै गरेको भन्ने लाग्छ । भारतीय राष्ट्रिय कंग्रेसका तुलनामा भारतीय जनता पार्टीले अघि सारेका नीतिहरूले प्रत्यक्ष रूपमै भारतको ठूलो पुँजीपति वर्गको रक्षा गर्थे । नेहरू र इन्दिराको संरक्षणवादी नीतिका समयमा हुर्केको र मनमोहनको उदारवादले मलजल गरेको पुँजीपति वर्गलाई त्योभन्दा बढी लुटखसोटको अवसर चाहिएको थियो । उदाउँदो भारतको नाराभित्र बीजेपीले त्यो काम गर्दै थियो । त्यो २०१४ को निर्वाचनमा मतमा परिणत भयो ।

नेपाली कांग्रेसले कम्युनिस्ट पार्टीहरूसँग गरिरहेको सहयात्रा र नीतिगत सम्झौताका कारण स्वच्छन्द पुँजीवादभन्दा क्रोनी पुँजीवादको विकासका लागि अनुकूलता सिर्जना गरेका थिए । त्यसबाट सेपमा परेको पुँजीपति वर्ग पनि यतिबेला रास्वपाको पक्षमा उभिन पुग्यो (यद्यपि भदौ २४ का आगजनी र लुटपाटका कारण यो समूह बालेन शाहप्रति नकारात्मक धारणा राख्थ्यो) ।

कांग्रेस-कम्युनिस्ट सरकारका गणितीय खेल र कुशासनबाट वाक्क भएको पङ्क्तिले स्वर्णिम वाग्लेहरूबाट पनि आफ्ना हितहरूको रक्षा हुने अपेक्षा गरेको थियो । सारमा यो मध्यम तथा निम्न पुँजीपति वर्गले कुशासनका विरुद्ध गरेको मौन विद्रोह र पुँजीपति वर्गले खोजिरहेको आश्रयको परिणाम थियो जसले अन्ततः ठूलो पुँजीपति वर्गको रक्षा गर्नेछ ।

६. यसरी, आफ्नो विचारधारात्मक इतिहासको लिगेसी, २०४८ मा सत्तामा आएदेखि नै गरिएको तीव्र दलीयकरण र कुशासन, पार्टीका सभापतिहरूले आफ्नो सत्ता बचाउन खेलेका गठबन्धनका नग्न खेल र आदर्शहरूको हत्या, अविकास र बेथितिबाट वाक्क भएका आफ्नै मतदाताको तिरस्कारले यतिबेला नेपाली कांग्रेस रन्थनिएको छ । चुनावको चार दिनपहिले मात्र विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गगन थापासहितका पदाधिकारी पराजित भएका छन् । यसको अर्थ हो गगनहरूले जुन प्रयास गरे त्यो जनताले मत बनाउनुभन्दा निकै ढिलो हुन पुग्यो ।

देउवाले गरेका यावत् अनुचित र आदर्शच्युत व्यवहार, सतहमा देखिएका अनेक काण्डहरू र त्यसबाट बेलैमा आफूलाई अलग देखाउन नसकेको युवा पुस्ताका सबै कमजोरीको भारीले यसपटक गगन मात्र होइन कांग्रेस पनि थिचिएको छ । कांग्रेस इतिहासमै यसपटक सबैभन्दा बढी पछारिएको छ । जनताले कांग्रेसलाई गर्धनमा चोके लगाएर चौबाटोतिर हुत्याएका छन् ।

ऊ उठ्न त सक्छ तर रास्वपाले बुर्जुवा वर्गको पार्टीका रूपमा, दक्षिणपन्थी रुझानसहित विश्व पुँजीवादी प्रणालीसँग सम्झौता गर्दै गयो भने नेपालको ठूलोदेखि पेटीबुर्जुवा वर्गसम्मले फेरि कांग्रेसको छाता खोज्नुपर्ने आवश्यकता लामो समय पनि महसुस नगर्न सक्छ । जसरी कंग्रेस (आई) २०१४ देखि लगातार सीमान्तमा धकेलिएको छ त्यस्तै अवस्था कांग्रेसलाई पनि आउन सक्छ ।

यसको अर्थ हो कांग्रेसले अब आफूलाई मध्यमार्गी या मध्यवामपन्थी पार्टीका रूपमा थप व्यवस्थित हुनुपर्नेछ । दक्षिणपन्थ या अनुदार वादको स्पेस रास्वपाले लिने र आफ्नो नियतिले वामपन्थी हुन नसक्ने कांग्रेसका लागि बीपीकै बाटो अनुसरण गर्नु पुनरुत्थानको पहिलो सर्त बन्न पुगेको छ । गगनमा जुन उत्साह र सम्भावना थियो त्यसमा चुनावले अवश्य प्रश्न उठाएको छ । तर, कांग्रेसलाई यो हालतमा पुर्‍याउन मुख्य योगदान गरेका देउवा र उनको मण्डलीसँग निर्णायक रूपमा सम्बन्ध विच्छेद गरेर र भुइँतहसम्म फेरि नवयुवाहरूसँग संवाद गरेर कांग्रेसलाई नवजीवन दिने ठाउँ बाँकी छ । रास्वपा अनुदारवादी बाटोमा हिँड्ने, राजनीतिक स्पेस साँघुरो बनाउने र उदारवादलाई कमजोर बनाउने बाटोमा लाग्न सक्छ ।

विश्वविद्यालयलाई राजनीतिमुक्त क्षेत्र (प्राध्यापक र विद्यार्थीहरूको गतिविधिमा नियन्त्रण) बनाउन खुल्लमखुला आह्वान गर्नेहरूले भोलि सामान्य सभा-जुलुस र कार्यथलोहरूमा मजदुरले गर्ने हड्ताल, अल्पसंख्यक र आदिवासीहरूले उठाउने अधिकारका सवालमा पनि नियन्त्रणको प्रयास गर्न सक्छन् । यो स्पेस बचाउन पनि कांग्रेसले आफूलाई पुनर्गठन गर्दै फेरि पनि वामपन्थीहरूसँग खास-खास मुद्दामा सहकार्यको बाटो लिनुपर्नेछ । गगन र कांग्रेसको पनि उत्थान यसैमा निहित छ ।

*(साभार: अनलाइनखबर)*

# मतपेटिकाबाट नयाँ आशाको खोजी

✍ भगवती तिमल्सिना

नेपालको पछिल्लो प्रतिनिधिसभा निर्वाचनले देशको राजनीतिमा एउटा स्पष्ट सन्देश दिएको छ- नेपाली जनता अब यथास्थितिसँग सन्तुष्ट छैनन् । प्रारम्भिक परिणामहरू हेर्दा नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी उल्लेख्य रूपमा अगाडि देखिएको छ भने परम्परागतरूपमा शक्तिशाली मानिएका नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) जस्ता दलहरू धेरै क्षेत्रमा कमजोर बनेका छन् ।

राजतन्त्र पक्षधर धार प्रतिनिधित्व गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टीले केही क्षेत्रमा उपस्थिति जनाए पनि निर्णायक शक्ति बन्न सकेको देखिँदैन । यो परिणामलाई केवल चुनावी अंकगणितका रूपमा बुझ्नु पर्याप्त हुँदैन । वास्तवमा यो परिणाम विगत दुई दशकदेखि नेपाली समाजमा क्रमशः बढ्दै गएको राजनीतिक असन्तोष, निरासा र विकल्पको खोजीको अभिव्यक्ति हो । नेपालको आधुनिक राजनीतिक इतिहासमा २०६२-६३ को जनआन्दोलन एउटा ऐतिहासिक मोड थियो । त्यस आन्दोलनपछि शताब्दीयौँ पुरानो राजतन्त्रको अन्त्य भयो र देश संघीय लोकतान्त्रिक गणतन्त्रको मार्गमा अघि बढ्यो । जनतामा ठूलो आशा जाग्यो- अब शासन प्रणाली परिवर्तनसँगै जीवनस्तर पनि सुधार हुनेछ । तर २०६४ सालमा संविधान सभा निर्वाचन भयो, जसमा तत्कालीन विद्रोही शक्ति नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) पहिलो दलका रूपमा उदायो । त्यो परिणाम परिवर्तनप्रतिको तीव्र जनभावनाको प्रतिफल थियो ।

यसपछिका दिन जनताले धेरै आशा र प्रतीक्षामा बिताए । संविधान निर्माण प्रक्रिया अपेक्षाभन्दा लामो र जटिल बन्यो । पहिलो संविधानसभा २०६९ सालमा विघटन भयो । त्यसपछि २०७० मा पुनः निर्वाचन भयो र लामो राजनीतिक बहस तथा सहमतिपछि २०७२ सालमा नेपालको संविधान २०७२ जारी गरियो । संविधान जारी भएपछि २०७४ सालको निर्वाचनमा वाम गठबन्धनले ठूलो जनादेश प्राप्त गर्‍यो । जनताले स्थिर सरकार र विकासको अपेक्षा गरेका थिए तर त्यो आशा धेरै लामो टिकेन । २०७४ पछि नेपाली राजनीतिमा बारम्बार सत्ता समीकरण फेरिने क्रम चलिरह्यो । पार्टीभित्रको विवाद, गठबन्धन परिवर्तन र सरकार परिवर्तनको शृंखलाले राजनीतिक अस्थिरता झन् बढायो । संसद् विघटन, अदालतको हस्तक्षेप र सत्ता संघर्षका घटनाले लोकतान्त्रिक संस्थाहरूमाथि नै प्रश्न उठाए ।

यस अवधिमा भ्रष्टाचार र दण्डहीनताका अनेक उदाहरण सार्वजनिक भए । उच्च तहका व्यक्तिहरू संलग्न भएका ठूला आर्थिक अनियमितताका घटनाहरूले राज्य प्रणालीप्रति जनताको विश्वास कमजोर बनायो । जब नागरिकले आफ्ना नेताहरूलाई नीतिगत भ्रष्टाचारमा लिप्त देख्छन् र दोषीमाथि कारबाही हुँदैन, तब व्यवस्थामाथि नै प्रश्न उठ्नु स्वाभाविक हुन्छ । यही कारण लोकतान्त्रिक प्रणालीप्रतिको विश्वास क्रमशः कमजोर हुँदै गएको देखिन्छ । नेपालको अर्थतन्त्र अझै पनि संरचनात्मकरूपमा कमजोर छ । देशको ठूलो हिस्सा वैदेशिक रोजगारी र रेमिट्यान्समा निर्भर छ । लाखौँ युवा रोजगारीको खोजीमा विदेश जान बाध्य छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक हजारौँ युवाहरू श्रमका लागि विदेश जाने दृश्य आजको नेपालको आर्थिक यथार्थको प्रतीक बनेको छ । यो केवल श्रमको पलायन मात्र होइन, देशको ऊर्जा, क्षमता र भविष्यको पलायन पनि हो ।

देशभित्र उद्योग, उत्पादन र रोजगारी सिर्जना पर्याप्त हुन सकेको छैन । कृषि क्षेत्रमा ठूलो जनसंख्या निर्भर भए पनि उत्पादन र उत्पादकत्व कम छ । औद्योगिक क्षेत्र अपेक्षित रूपमा विस्तार हुन सकेको छैन । यदि आर्थिक संरचनामा सुधार ल्याउन सकिएन भने राजनीतिक परिवर्तनले मात्र जनताको जीवनमा ठोस सुधार ल्याउन सक्दैन । नेपालको शिक्षा प्रणाली पनि लामो समयदेखि आलोचनाको विषय बनेको छ ।

धेरै विद्यार्थी उच्च शिक्षा वा राम्रो रोजगारीका लागि विदेश जान बाध्य छन् ।देशको आवश्यकताअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार, अनुसन्धानमा लगानी र सार्वजनिक विद्यालयको गुणस्तर सुधार अहिलेको प्रमुख आवश्यकता बनेको छ । शिक्षा केवल प्रमाणपत्र उत्पादन गर्ने माध्यम नभई सीप र उत्पादनसँग जोडिएको हुनुपर्छ भन्ने माग बढ्दो छ । स्वास्थ्य सेवाको अवस्था पनि समानरूपमा चुनौतीपूर्ण छ ।

शहरमा अस्पताल र विशेषज्ञ सेवा भए पनि ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको अभाव छ । मुस्किलले शहरमा पुगेका बिरामीलाई उपचारको लागि महिनौं पालो कुर्नु र पालोमा उपचार नपाएर छट्पटाउनुपर्ने अनि कतिपयले उपचार नै नपाई अकालमा मृत्युवरण गर्नुपर्ने दुःखद अवस्था छ । हालै सम्पन्न निर्वाचनको परिणाम र आम नागरिकको आशाको केन्द्रका रुपमा उदयमान भएका नेताहरुका लागि यी यस्ता समस्यालाई समाधान गर्न पहुँचयोग्य स्वास्थ्य संस्था, उपकरण, दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ठूलो चुनौतीको विषय हो । जति निर्वाचनमा विजय हुँदा खुशी प्राप्ति भएको छ, व्याहारिक रुपमा सबै विषयलाई व्यवस्थित, मर्यादित र सर्वसुलभ बनाउनु उत्तिकै चुनौतीको विषय हो । अब बन्ने सरकारले यस्ता गम्भीर मानवीय संवेदनाका विषयलाई पहिलो प्राथमिकतामा राखी सुधार गरोस् ।

सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ । ग्रामीण क्षेत्रमा अस्पताल, उपकरण र दक्ष जनशक्ति उपलब्ध गराउन नसकिए सामाजिक न्यायको लक्ष्य अधुरो रहनेछ । स्वास्थ्य बिमालाई चुनावी नाराको विषय नभई आम नागरिकको स्वास्थ्य सेवा प्राप्ति गर्ने नैसर्गिक अधिकारको विषय बनाइयोस् । अब आम नागरिकले अधिकार मागेर प्राप्त भएन भने खोसेर पनि लिन सक्छन् भन्ने कुरा यही निर्वाचनको परिणामबाट देखाइसकेका छन् । स्वास्थ्य, शिक्षा, कृषि, उद्योग र विकासको दिशा सामान्य विषय होइन । नेपाललाई मेडिकल टुरिजम हबका रुपमा समेत विकास गर्ने गरी स्वास्थ्य सेवालाई सुधार गर्नु आजको अर्थतन्त्र विकासको आधार हो ।

*क्रमशः पृष्ठ-३...*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २७ गते बुधबार ११ मार्च २०२६ । अष्ठमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:२० सूर्यास्त ६:०९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद हुन सक्ने | तुला | : व्यापारबाट फाइदा हुनेछ |
| वृष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | वृश्चिक | : मन प्रशन्न हुने देखिन्छ |
| मिथुन | : आफन्तको सहयोग मिल्नेछ | धनु | : नयाँ काम गर्न जागर आउनेछ |
| कर्कट | : यात्राको लागि राम्रो समय छ | मकर | : बोल्दा विचार पुर्‍याउनु पर्नेछ |
| सिंह | : सोचेजस्तो सहयोग मिल्नेछैन | कुम्भ | : पढाइमा सहयोग मिल्नेछ |
| कन्या | : समय पूजापाठमा बित्नेछ | मीन | : रिसाउने बानीले हानि पुग्नेछ |

# मधेशमा बजेन हर्न, खुलेन छाता

काठमाडौं/मधेश प्रदेशका ३२ मध्ये कुनै पनि क्षेत्रमा मधेशवादी दलका उम्मेदवार विजयी हुन सकेनन् । यसपटक जनता समाजवादी पार्टी (जसपा) नेपालले ९४, जनमत पार्टीले ६१ र राष्ट्रिय मुक्ति पार्टीले ३३ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको थियो । प्रत्यक्षमा एउटै सिट जित जित्न नसकेको मधेशवादी दलहरूले समानुपातिकमा पनि 'थ्रेसहोल्ड' कटाउन सकेनन् । जसले गर्दा अबको प्रतिनिधि सभा मधेशवादी दल विहीन हुने पक्का भएको छ ।



पछिल्लो ३४ वर्षमा पहिलो पटक मधेशवादी दलको प्रतिनिधित्व शून्यमा झरेको हो । २०४८ सालमा नेपाल सद्भावना पार्टी (नेसपा)ले ६ सिट जितेर राष्ट्रिय दल बनेको थियो । यो नै मधेशवादी दलको औपचारिक संसद प्रवेश थियो । त्यस यताका हरेक निर्वाचनमा मधेशवादी दलहरूले प्रतिनिधित्व टुटेको थिएन ।

२०५ सदस्यीय प्रतिनिधि सभामा मधेशवादी दलले २०५१ मा ३ र २०५६ मा ५ स्थानमा जितेको थियो । २०६४ मा नेकपा (माओवादी)को पक्षमा जनलहर आएको बेला पनि ६०१ मध्ये ८३ सिट मधेशवादी दलले जितेको थियो । त्यतिबेला मधेशी जनअधिकार फोरम (मजफो) ले ५२, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले २२ र सद्भावना पार्टीले ६ सिट जितेको थियो ।

२०७० मा प्रत्यक्षमै तमलोपाका ४, विजय गच्छदार नेतृत्वको मजफो (लोकतान्त्रिक)का ४, मजफो नेपालका २, सद्भावना पार्टीका १ र तराई मधेश सद्भावना पार्टी (तमसपा)का १ सांसद् थिए । ०७४ मा राष्ट्रिय जनता पार्टी (राजपा)ले १७ र मजफोले १६ सिट जितेको थियो ।

त्यस्तै, २०७९ मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले ४ र जनता समाजवादी पार्टी (जसपा) ७ सिट जितेको थियो । नेपाल सद्भावना पार्टी (नेसपा)का संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहले २०४८ मा सप्तरी-२ बाट जितेर मधेशवादी दललाई संसद्मा पुऱ्याएका थिए ।

सिंह मात्र होइन यो क्षेत्रले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतलाई जिताएर पठाईसकेको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र २०७९ को निर्वाचनमा पराजित भएको क्षेत्र सप्तरी-२ छाडेर यसपटक सप्तरी-३ बाट उठे । निर्वाचन क्षेत्र परिवर्तन गरेर उम्मेदवारी दिए पनि उनको पराजय यात्रा मात्र रोकिएन, प्राप्त मत पनि घट्यो ।

क्षेत्र परिवर्तन गर्दा दोस्रो स्थानमा आएका यादवले १५ हजार २३२ मत पाए । त्यतिबेला सप्तरी-२ बाट उठ्दा उनले १६ हजार ९७२ पाएका थिए । सम्भवत: यादव २०७९ मा दोब्बर मतले आफूलाई पराजित गरेका जनमत पार्टीका अध्यक्ष राउतसँग पुन: प्रतिस्पर्धा गर्न चाहँदैनथे । भलै, सप्तरी-२ बाटै उठेका राउतले पनि जित दोहोऱ्याउन सकेनन् ।

दश हजार मत कटाउन नसकेका राउत यसपटक तेस्रो स्थानमा खुम्चिए । अघिल्लो निर्वाचनमा उनले ३५ हजार भन्दाबढी मत पाएका थिए । सप्तरी-२ ले २०७४ सालमा भने यादवलाई २१ हजार भन्दा बढी मत दिएर जिताएको थियो । २०४८ र २०५१ सालमा सप्तरी-२ बाट निर्वाचित भएपछि गजेन्द्रनारायण सिंहले मधेशी समुदायका समस्यालाई केन्द्रमा राखेर काम गरे । राणा विरोधी आन्दोलनबाट राजनीतिक यात्रा शुरु गरेका गजेन्द्रनारायणले लामो समय कांग्रेस राजनीति गरे ।

२०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्य भएका उनले २०४७ सालमा नेपाल सद्भावना पार्टी स्थापना गरे । त्यसपछि मधेशी समुदायको न्यायोचित प्रतिनिधित्व, नागरिकता, समावेशीता, संघीयता जस्ता मुद्दालाई प्रखर रुपमा उठाए । २०५८ मा निधन भएका गजेन्द्रनारायण आजपर्यन्त मधेश राजनीतिका मसिहाका रुपमा परिचित छन् ।

गजेन्द्रनारायणले स्थापना गरेको नेसपा अहिले छिन्नभिन्न भइसकेको छ । मधेशवादी दलका नेताहरूप्रति मतदाताको यतिविधि विकर्षण किन भयो त ? यसको चर्चा नेसपाबाटै गरौं । निर्वाचन आयोगमा सिंहले स्थापना गरेकै जस्तो सुनिने एउटा पार्टी दर्ता छ, नेपाल सद्भावना पार्टी । चुनाव चिह्न पनि गजेन्द्रनारायणकै पालाको छ, पञ्जाछाप ।

यो पार्टीका अध्यक्ष अनिलकुमार झा पनि गजेन्द्रनारायणकै चेला हुन् । अनिल आफूलाई गजेन्द्रनारायणकै अनुयायी भन्न पछि पर्दैनन् । २१ फागुनको निर्वाचनमा अनिलले नेपाली कांग्रेसबाट उम्मेदवारी दिएर लज्जास्पद हार व्योहोरे । टिकट पाउने शर्तमा उम्मेदवारी दर्ताकै दिनमा उनी कांग्रेसमा लागेका थिए ।

शक्तिमा पुग्नकै लागि पार्टी र चुनाव चिह्न छाडेका अनिल दोस्रो स्थानमा पनि आउन सकेनन् । निर्वाचित उम्मेदवारले २९ हजार पाउँदा उनको गाछीमा ८ हजार मत पऱ्यो । 'अनिल झाहरूले यसरी एक थान सांसद् बन्नकै लागि पार्टी, चुनाव चिह्न र मधेशी जनताको मुद्दालाई तिलाञ्जली दिइरहने अनि जनताले मधेशवादी भन्दै जिताईरहनु पर्ने ?,' मधेश राजनीति बुझेका एक विश्लेषक भन्छन्, 'मधेशी दलको सिट नआएकोमा होइन आएको भए चाहिँ अचम्म हुन्थ्यो ।'

हुन पनि मतदाता कतिसम्म अनुग्रहित छन् भन्ने त अनिल झाले छोडिसकेको पञ्जाछापमा पनि समानुपातिकमा मत खसेको छ । गजेन्द्रनारायणकै अनुयायी भन्न रुचाउने राजेन्द्र महतो र उनको पार्टीलाई गठबन्धनले पनि जोगाउन सकेन । उनले अशोक राई नेतृत्वको जसपा र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीसँग तालमेल गरेर एकल चिह्न चकिया (जाँतो)बाट चुनाव लडेका थिए । तर चकिया न समानुपातिकमा चल्यो न प्रत्यक्षमा । सर्लाही-२ बाट उठेका महतो ५ हजार ९९२ मत ल्याएर चौथो स्थानमा खुम्चिए । महतो २०५६ सालामा गजेन्द्रनारायणको नेसपाबाट सांसद बनेका थिए ।

अब अर्को दृष्टात हेरौं, २०७९ मा सप्तरी-२ मा पराजित भएपछि जसपा नेपालका अध्यक्ष उपेन्द्रले उपनिर्वाचनबाट भए पनि सांसद बनेर छाड्ने उपाय खोजे । त्यसका लागि उनले आफूले सजिलै चुनाव जित्न सक्ने बारा-२ लाई खाली गर्न चाहे । त्यहाँबाट निर्वाचित रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाएर पठाए । आपत्ति रामसहायप्रसाद उपराष्ट्रपति बनेकोमा होइन ।

प्रश्न उपेन्द्रको निर्णय र नियतको हो । नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)सँग गठबन्धन गरेका उनले महिलालाई मुलुकको उपराष्ट्रपति बन्ने अवसर दिएनन् । जुन संविधानको मर्म र भावना विपरीत हो । त्यतिमात्र होइन, जनताले मतपत्रमा लगाएको स्वस्तिक छापको मसी नसुक्दै सांसद् बन्न जस्तोसुकै हर्कत गर्नु कुनै पनि दृष्टिले नैतिक राजनीति थिएन ।

मधेशवादी दलहरूले निर्वाचनका लागि व्यापक तयारी नगरेका होइनन् । उनले यसपटक महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), फदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) र वृषेशचन्द्र लाल अध्यक्ष रहेको तमलोपालाई पार्टी एकीकरण गरेका थिए । अघिल्लो पटक एक्ला-एक्लै लड्दा पनि जसपा नेपाल र लोसपाका उम्मेदवार हरूले चुनाव जितेका थिए । दुई पार्टीबाट १६ सांसद् निर्वाचित भएका थिए ।

तात्कालीन लोसपाका अध्यक्ष ठाकुरले ८३ वर्षमा पनि राष्ट्रिय सभा सदस्य नबनी छाडेनन् । गत पुसमा उम्मेदवारी दर्ता गर्न ठाकुरलाई कार्यकर्ताले दायाँबायाँ समातेर जनकपुरस्थित निर्वाचन कार्यालयमा पुऱ्याएको दृश्य साँच्चै हेर्न लायक थियो । ठाकुर कार्यकर्ताको साहराबिना सिधा उभिन समेत नसकेको भिडिओ सार्वजनिक भएको थियो ।

ठाकुरलाई आफू मात्र सांसद बनेर धित मरेनछ क्यारे ! छोरी मिनाक्षी ठाकुरलाई महोत्तरी-३ बाट उम्मेदवार बनाए । पाँचौं स्थानमा आएकी उनले जमानत जोगाउन सकिनन् । यो क्षेत्रबाट निर्वाचित उम्मेदवारले ३२ हजार पाउँदा मिनाक्षीले चार हजार कटाउन सकिनन् । २०७० सालमा हारेर पनि सांसद् बनेका थिए, ठाकुर । त्यतिबेला सर्लाही-६ बाट उठ्दा उनी तेस्रोस्थानमा आए । त्यसलगत्तै मन्त्रिपरिषद्बाट मनोनित भएर संविधानसभामा प्रवेश गरे । ६०१ सदस्यीय संविधानसभामा २६ जना मन्त्रिपरिषद्बाट मनोनयन गर्ने प्रावधान थियो ।

आफ्नै सम्धिनीलाई सांसद् बनाएकोमा पनि ठाकुरको आलोचना भयो । उनले सम्धी उमाकान्त झालाई महामन्त्री र सम्धिनी इन्दिरा झालाई सांसद बनाएका थिए । आफन्तलाई काखी च्याप्ने ठाकुर एक्ला नेता भने होइनन् ।

नातावाद र कृपवादको विरोध गर्छु भनेर राजनीतिमा आएका सीके राउतले सप्तरी-१ मा आफ्नै सहोदर दाजु जयकान्त राउतलाई उठाए । यसअघि जयकान्तलाई सीकेले राष्ट्रिय योजना आयोगको सदस्य बनाएका थिए । गत बैशाखमा केन्द्रीय समितिलाई जानकारी समेत नदिएर जयकान्तलाई रातारात पार्टीको राष्ट्रिय परिषद् अध्यक्ष बनाएको भन्दै पार्टीमा चर्को विरोध भएको थियो ।

आफ्नै श्रीमतीलाई सांसद् बनाएको भन्दै राजकिशोर यादव, अनिल झा, राजेन्द्र महतो, शरतसिंह भण्डारी, अशोक राई, रेशम चौधरीहरूको आलोचना भयो । उपेन्द्र यादवले २०७९ को निर्वाचनमा अमरेन्द्र यादवलाई विराटनगरको उपमेयरमा उठाएका थिए । नेपोवेवी ह्यासट्यास भाइरल हुने जमानामा मधेशमा छाताले किन जोगाएन ? हर्न किन बजेन ? चकिया किन घुम्फेन ? भन्ने प्रश्न आफैं प्रश्नको घेरामा छैन र ?

*(स्रोत: अनलाइनखबर)*

# रेखाले सुरु गरिन् 'माया भनेकै यस्तो होला'को छायांकन



काठमाडौं/अभिनेत्री रेखा थापाको निर्देशनमा बन्न लागेको फिल्म 'माया भनेकै यस्तो होला'को छायांकन सुरु गरिएको छ । महाशिवरात्रीको अवसर पारेर फागुन ३ गते निर्माण घोषणा गरिएको यो फिल्मको सोमबार काठमाडौंको शिवपुरीस्थित रोयल ट्युलिप नेशनल पार्कमा पहिलो दृश्य खिचियो । फिल्मका लागि पहिलो शट नीति शाह र दिल श्रेष्ठले दिएका छन् ।

यो फिल्मबाट रेखा ८ वर्षपछि निर्देशनमा फर्किएकी हुन् । यसअघि उनले 'हिम्मतवाली' र 'मालिका' निर्देशन गरेकी थिइन् । यी दुवै फिल्ममा उनको मुख्य भूमिका समेत रहेको थियो । तर, यसपटक उनी अभिनयमा नभइ पूर्ण रूपमा निर्देशनमा केन्द्रित रहनेछिन् । उनले फिल्ममा नेपाली समाजमा घटेका घटनालाई प्रस्तुत गरिने बताएकी छन् ।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण हुने यस फिल्ममा नयाँ र पुराना पुस्ताका कलाकारहरूलाई समेटिएको छ । नीति र दिलसहित फिल्ममा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहारी, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, संगम भण्डारी, सुजाता श्रेष्ठ, विनोद पौडेल लगायतका कलाकारहरूको अभिनय रहनेछ । पत्रकार ध्रुव लम्सालले फिल्मको स्क्रिप्ट तयार पारेका हुन् ।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको फिल्ममा सुदीप बराल छायांकन तथा प्रशान्त सिवाकोटीको संगीत रहनेछ । यसमा रंग पत्रकार राजन घिमिरे को-अर्डिनेटरको रूपमा छन् । फिल्मले प्रेमकथाको माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्ने बताइएको छ । फिल्मलाई आगामी तीजमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

# प्रकाश सांसद बन्ने निश्चित भएसँगै रिलिज भयो 'परालको आगो'को टिजर

काठमाडौं/अभिनेता तथा गायक प्रकाश सपूतले राजनीतिक यात्रा सुरु गरिसकेका छन् । उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समानुपातिक उम्मेदवार समेत बनेका छन् । उनको नाम दलित पुरुष क्लस्टरको दोस्रो नम्बरमा छ । रास्वपाले प्रत्यक्षतर्फ १२५ सिट जित्दै समानुपातिकमा झण्डै ४० लाख मत ल्याइसकेका कारण उनी सांसद बन्ने निश्चित भइसकेको छ ।



प्रकाश माननीय बनेर संसद छिर्ने तयारीमा रहँदा सोमबार उनी अभिनीत नयाँ फिल्म 'परालको आगो'को टिजर सार्वजनिक गरिएको छ । श्रीमान्-श्रीमती (चामे र गौंथली)को झगडालाई केन्द्रमा राखिएको टिजरमा प्रकाश रिसाहा श्रीमानरुको भूमिकामा देखिएका छन् । उनकी श्रीमतीको भूमिकामा सुहाना थापा छिन् । टिजरमा सौगात मल्ललाई पनि देख्न सकिन्छ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा सौगात, प्रकाश र सुहानासहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, मन्जिला बाँनिया लगायतका कलाकार हरूले अभिनय गरेका छन् । हरि ओम सिने मेकर्सका सुशील पोखरेलले फिल्मको निर्माण गरेका हुन् । यसमा सुशील देवकोटाको लेखन रहेको छ ।

आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ । ग्रामीण लोककथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको चर्चित कथा 'परालको आगो'बाट प्रेरित भएर यो फिल्म बनेको हो ।

# मध्यपूर्वमा तनाव कायमै, नेपालीको सुरक्षामा सरकार सतर्क

काठमाडौं/मध्यपूर्व क्षेत्रमा इजरायल-अमेरिका र इरानबीच बढेको सैन्य तनाव अझै कम भएको छैन । मिसाइल तथा हवाई आक्रमण जारी रहँदा खाडी मुलुकहरूमा रहेका नेपालीको सुरक्षाबारे चिन्ता यथावत छ । इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य बेस लक्षित गरी मिसाइल आक्रमण गरिरहेकाले साउदी अरब, युनाइटेड अरब इमिरेट्स (यूएई), कतार, कुवेत, बहराइन र ओमान लगायत देशमा सुरक्षा जोखिम बढेको छ । यी देशमा साढे १७ लाखजति नेपाली कार्यरत रहेको सरकारको आधिकारिक तथ्यांक छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार ती क्षेत्रमा रहेका नेपालीको अवस्थाबारे त्यहाँस्थित नेपाली दूतावास र नियोगहरूले निरन्तर निगरानी गरिरहेका छन् र मन्त्रालयलाई नियमित जानकारी पठाइरहेका छन् । यूएईको अबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा गोरखाका २९ वर्षीय दिवस श्रेष्ठको मृत्यु भएको थियो । २८ फेब्रअरीमा इरानले ड्रोन आक्रमण गर्दा त्यहाँ कार्यरत तीन जनाको मृत्यु भएको थियो । जसमा नेपाल, भारत र बंगलादेशका एक-एक जनाको मृत्यु भएको थियो । श्रेष्ठको शव नेपाल ल्याएर परिवारको जिम्मा लगाइएको थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार यूएईमा इरानको आक्रमणमा परी केही नेपाली घाइते भएका छन् । घाइतेमध्ये धेरैजना सामान्य उपचार पछि घर फर्किसकेका छन् भने केही अस्पतालमै छन् । 'हाम्रा दूतावासहरूले त्यहाँको अवस्था नजिकबाट नियालिरहेका छन्, नेपालीलाई कुनै क्षति नहोस् भनेर आवश्यक परेका बेला सुरक्षा एडभाइजरी जारी गरिरहेका छौं,' प्रवक्ता पौडेलले भने ।

मन्त्रालयका अनुसार मध्यपूर्व क्षेत्रमा रहेका नेपालीको अद्यावधिक विवरण संकलनका लागि कन्सुलर सेवा विभागले सञ्चालनमा ल्याएको अनलाइन दर्ता प्रणालीमा आइतबारसम्म ५४ हजार ७ सय ८६ नेपालीले आफ्नो विवरण दर्ता गरिसकेका छन् । प्राप्त विवरणलाई प्राथमिकता साथ अध्ययन गरी आवश्यक सहयोगको प्रक्रिया अघि बढाइएका छ । परराष्ट्र मन्त्रालयको तथ्यांक अनुसार मध्यपूर्वका विभिन्न देशमा करिब १७ लाख २९ हजार नेपाली काम तथा अध्ययनका लागि रहेका छन् । कागजातविहीन अवस्थामा रहेका नेपालीको संख्या पनि उल्लेख्य रहेको अनुमान छ ।

तनाव बढ्दै गएपछि वैदेशिक रोजगार विभागले १७ फागुनदेखि लागु हुनेगरी साउदी, यूएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायल जाने श्रमिकलाई प्रदान गरिने व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति अर्को निर्णय नभएसम्मका लागि स्थगन गरिसकेको छ ।

त्यस्तै ती देशमा अध्ययनका लागि जाने विद्यार्थीलाई प्रदान गरिने 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) पनि रोकिएको छ । मध्यपूर्व क्षेत्रमा विकसित परिस्थिति ध्यानमा राख्दै परराष्ट्र मन्त्रालयले 'इमर्जेन्सी एक्सन रुम' स्थापना गरी २४ घण्टा हटलाइन सेवा सञ्चालनमा ल्याएको छ । उक्त संयन्त्र मार्फत दूतावासहरू, सम्बन्धित मन्त्रालय तथा नेपाली समुदायसँग समन्वय गरी आवश्यक सहयोग तथा उद्धारका तयारी अघि बढाइएको मन्त्रालयले जनाएको छ । त्यस्तै विभिन्न विमानस्थलमा ट्रान्जिटमा परेका नेपालीको समस्या समाधानका लागि सम्बन्धित नियोगले समन्वय गरिरहेका छन् । कुवेतमा ट्रान्जिटमा रहेका करिब ५० नेपालीलाई नेपाली दूतावासले समुदायसँग मिलेर खानपान र बसोबासको व्यवस्था गरि रहेको मन्त्रालयले जनाएको छ ।

कतार र कुवेतको आकाश उडानका लागि बन्द भए पनि साउदी र ओमानतर्फ भने केही उडान पुन: सञ्चालनमा आएकाले इच्छुक यात्रुले त्यहाँबाट यात्रा गर्न सक्ने अवस्था छ । यूएईमा पनि सीमित उडान सञ्चालनमा आएका छन् । मन्त्रालयले मध्यपूर्वमा रहेका सबै नेपालीलाई संयमित र सचेत रहन, स्थानीय सरकार तथा नेपाली नियोगले जारी गरेका सूचना पालना गर्न र अनावश्यक आवतजावत नगर्न आग्रह गरेको छ । साथै, संवेदनशील अवस्थामा फोटो, भिडियो वा अडियो सामग्री खिच्ने र सामाजिक सञ्जालमा आदान-प्रदान नगर्न पनि विशेष अनुरोध गरिएको छ ।

प्रवक्ता पौडेलले दूतावास तथा नियोगहरूबाट निरन्तर फलोअप भइरहेको र केही समस्या पर्नेबित्तिकै मन्त्रालयमा जानकारी हुने गरेको बताए । सम्बन्धित देशमा रहेका नेपाली दूतावास तथा नियोगहरूले समेत आवश्यकता अनुसार एडभाइजरी जारी गर्दै आएका छन् । दूतावासहरूले सम्बन्धित देशले जारी गरेको सूचना तथा सुरक्षा प्रोटोकल पालना गर्न, अनावश्यक बाहिर हिँडडुल नगर्न, फोटो तथा भिडियो नखिच्न अनुरोध गर्दै आएका छन् । कुवेतस्थित नेपाली दूतावासले त्यहाँको आधिकारिक निकायहरूबाट जारी गरिएको सूचना तथा निर्देशन पालना गर्न अनुरोध गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मतपेटिकाबाट नयाँ...

यति मात्र नभई नेपालको अर्थतन्त्रमा कृषि अझै महत्वपूर्ण क्षेत्र हो । तर परम्परागत खेती प्रणालीका कारण उत्पादन कम छ । कृषि आधुनिकीकरण, सिंचाइ विस्तार, बजार व्यवस्थापन र किसानलाई सहुलियत ऋण उपलब्ध गराउने नीति प्रभावकारीरूपमा लागू गर्न आवश्यक छ । त्यसै गरी उद्योग क्षेत्रमा स्पष्ट नीति र लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने आवश्यकता छ । उत्पादनमूलक उद्योग विस्तार भयो भने रोजगारी बढ्छ, आयात निर्भरता घट्छ र राष्ट्रिय अर्थतन्त्र बलियो हुन्छ ।

**नयाँ शक्तिप्रति जनताको आशा :**

लामो समयको निरासाको पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ शक्तिहरू उदाएका हुन् । लामो समयदेखि नेताहरुको ज्यादती र अत्याचार सहन नसकेर जनताले नयाँ दल र नयाँ अनुहारप्रति विश्वास गरी देशको भविष्य उज्ज्वल बनाउन सकून् भनेर नै नेतृत्व तहमा पुऱ्याएका हुन् ।

नयाँ दलहरूले भ्रष्टाचार विरुद्ध कडा कदम, प्रशासनिक सुधार र परिणाममुखी शासनको बाचा गरेका कारण नागरिकले ठूलो भरोसा गरेका छन् । यही कारण अहिले जनताले उनीहरूप्रति ठूलो आशा व्यक्त गरेका छन् । तर इतिहासले एउटा कुरा देखाएको छ- जनताको विश्वास कायम राख्न इमानदार नेतृत्व, पारदर्शिता र परिणाममुखी काम आवश्यक हुन्छ । यदि नयाँ शक्तिले पनि पुरानै शैली दोहोऱ्याए भने जनताको निरासा मात्र हैन अझ देश थप संकटमा पर्न सक्छ ।

लोकतन्त्रमा केवल सरकारको जिम्मेवारी मात्र होइन । नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । सरकारको कामको निगरानी गर्नु, नीति र निर्णयबारे प्रश्न उठाउनु, जिम्मेवार नागरिक व्यवहार प्रदर्शन गर्नु लोकतन्त्रको आधार हो । निर्वाचनमा सचेत मतदान र निरन्तर खबरदारी लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति हो । यही आधारमा जनताले यति बेला सबैका कुरा सुने व्यवहार हेरे र नयाँ नेतृत्वको चयन गरे । वर्षौंदेखि नेताले जनतालाई झुक्याउँदै आए ।

अहिले जनताले पनि तिनै नेतालाई झुक्याए र उनीहरुले नसोचेको परिणाम देखाए । पुराना नेताहरु सत्तामोहका कारण देश र जनताको भावनालाई कुल्चिएर सानो घेराभित्र रुमलिएकै कारण आज देशको विकास पछाडि पर्नुका साथै अर्थतन्त्र धराशायी बनेको विज्ञहरुको ठम्याइ आएसँगै युवा, वृद्धहरुले समेत देशको विकास र परिवर्तनका लागि राजनेताहरु पनि परिवर्तन गर्नु जरुरी भएको महसुस गरेर मतदान गरेको स्पष्ट देखिन्छ ।

पछिल्लो निर्वाचनले नेपाली राजनीतिलाई स्पष्ट सन्देश दिएको छ- जनता परिवर्तन चाहन्छन् । पुराना दलहरूले आफ्नो कार्यशैली सुधार नगरे जनविश्वास पुन: प्राप्त गर्न कठिन हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# पलको करिअरकै सर्वाधिक कमाउने फिल्म बन्यो 'आ बाट आमा'

काठमाडौं/अभिनेता पल शाहले ७ वर्षपछि आफ्नै फिल्मको व्यावसायिक कीर्तिमान तोडेका छन् । २०७४ सालमा प्रदर्शन भएको 'शत्रु गते' उनको करिअरकै सर्वाधिक कमाउने फिल्म बनेको थियो । चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांक अनुसार यसले १२ करोड ६५ लाख रुपैयाँ ग्रस कमाएको थियो । अब यसको रेकर्ड पलको नयाँ फिल्म 'आ बाट आमा'ले तोडेको छ ।

सोमबार बोर्डले सार्वजनिक गरेको विवरण अनुसार फागुन २३ गते शनिबारसम्म यो फिल्मले १२ करोड ६६ लाख ९० हजार ९८१ रुपैयाँ ग्रस व्यापार गरेको छ । यसको ४ लाख ८२ हजार ६४७ वटा टिकट बिक्री भएका छन् । योसँगै 'आ बाट आमा' यस वर्ष सर्वाधिक कमाउने दोस्रो फिल्म समेत बनेको छ । यसले 'जेरी अन टप'को व्यापारलाई उछिन्दै दोस्रो स्थान हासिल गरेको हो ।

बोर्डले 'आ बाट आमा' सँगै अन्य तीन फिल्म 'कुमारी', 'रमिताको पिरती' र 'प्रवासी जीवन'को पनि व्यापारिक आँकडा सार्वजनिक गरेको छ । तर, यी तीनवटै फिल्मको व्यापार एक करोड पनि छैन । 'कुमारी'ले २० हजार २२७ वटा टिकट बिक्रीबापत ६५ लाख रुपैयाँ ग्रस कमाएको छ । 'रमिताको पिरती'को व्यापार शनिबारसम्म ३० लाख १३ हजार रुपैयाँ छ ।

अभिनेता राजेश हमालको अभिनय रहेको 'प्रवासी जीवन'को व्यापार भने निकै दयनीय देखिएको छ । प्रदर्शनको ९ दिनमा यसको ५०१ वटा टिकट बिक्री भएका छन् । र, व्यापार १ लाख ३८ हजार ४८० रुपैयाँ ग्रस छ । सम्भवत: हमालको करिअरकै सबैभन्दा कमजोर व्यापार गर्ने फिल्म यही हो ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# ३० वर्ष मुनिका यी ८ सांसद प्रत्यक्ष निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ फागुन २१ गते भएको निर्वाचनमा ३० वर्ष मुनिका ८ जना युवा प्रत्यक्षतर्फ निर्वाचित भएका छन् । निर्वाचित हुने ८ जनामध्ये ७ जना राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट रहेका छन् भने एकजना हर्क साम्पाङ नेतृत्वको श्रमसंस्कृति पार्टीका तर्फबाट निर्वाचित भएका हुन् ।

निर्वाचित हुनेहरुमा रास्वपाका २५ वर्षीय प्रशान्त उप्रेती, २६ वर्षीय केपी खनाल र मनिष खनाल, २८ वर्षीय बब्लु गुप्ता, सुलभ पोखरेल, सस्मित पोखरेल रहेका छन् । यस्तै २९ वर्षीया निशा डाँगी पनि निर्वाचित भएका छन् । त्यस्तै श्रमसंस्कृति पार्टीका २९ वर्षीय आरेन राई खोटाङ-१ बाट निर्वाचित भएका छन् । चुनावी परिणाम अनुसार झापा-१ बाट निशा डाँगीले ४५ हजार ६८० मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका केशवराज पाण्डेले १० हजार ५५० मत मात्र प्राप्त गरे । नवलपुर-२ बाट निर्वाचित मनिष खनालले ४१ हजार ३४७ मत ल्याउँदा एमालेका तीलबहादुर महत क्षेत्री १५ हजार ७५५ मतमा खुम्चिए ।

त्यसैगरी बब्लु गुप्ता सिराहा-१ बाट ४१ हजार ३२२ मतसहित विजयी भए भने सस्मित पोखरेलले काठमाडौं-५ बाट ३० हजार ७३७ मत प्राप्त गरे । मकवानपुर-२ मा ३० हजार ५० मतसहित प्रशान्त उप्रेती र कैलाली-२ मा २० हजार ५७ मतसहित केपी खनाल निर्वाचित भए । रुपन्देही-२ मा रास्वपाका सुलभ खरेलले एमालेका प्रभावशाली नेता विष्णु पौडेललाई ४३ हजार ६८९ को भारी मतान्तरले पराजित गरे । खरेलले ५६ हजार ५५० मत पाउँदा पौडेलले १२ हजार ८६१ मत मात्रै पाए । खोटाङबाट श्रमसंस्कृतिका आरेन राई १६ हजार ६१२ मतसहित विजयी भएका छन् ।



**प्रशान्त उप्रेती**

२०५७ जेठ १० मा मकवानपुरमा जन्मिएका प्रशान्त उप्रेती पेसाले पर्यटन उद्यमी हुन् । उनी यो निर्वाचनमा प्रत्यक्षतर्फ जित्ने सबैभन्दा कान्छो सांसद हुन् । पर्यटन व्यवस्थापनमा स्नातक गरेका उप्रेती हाल काठमाडौं विश्वविद्यालयमा नेतृत्व तथा व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययन गरिरहेका छन् । काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाहको सचिवालय सदस्य भूपदेव शाह निकट मानिन्छन् । छोरा राजनीतिमा होमिएपछि उनका पिता रामचन्द्र उप्रेतीले समेत एमाले परित्याग गरी उनलाई सघाएका थिए ।

**केपी खनाल**

केपी खनाल सामाजिक अभियन्ताकारुपमा देशव्यापी परिचित नाम हो । २०५६ सालमा अछामको रामारोशन गाउँपालिकामा जन्मिएका खनाललाई विशेष गरी सरसफाइ अभियन्ताकारुपमा चिनिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट कैलाली-२ बाट निर्वाचित भएका खनाललाई पार्टीका वरिष्ठ नेता बालेनको निकटपात्र मानिन्छ । 'म बदलिन्छु, मेरो देश बदलिन्छ' भन्ने नारासहित 'क्लिन काष्ठमण्डप' अभियानमार्फत् उनले काठमाडौँमा सरसफाइको लहर चलाएका थिए । ७ कक्षामा पढ्दै गर्दा स्थानीय रेडियोमा काम सुरु गरेका खनाल १७ वर्षको उमेरदेखि नै सामाजिक कार्यमा सक्रिय उनकै अगुवाइमा बाजुरामा अनाथ बालबालिकाको लागि बालगृह निर्माण गरिएको छ ।

**सस्मित पोखरेल**

काठमाडौं क्षेत्र नम्बर ५ बाट निर्वाचित २९ वर्षीय सस्मित पोखरेल कानुनमा स्नातक र वैकल्पिक राजनीतिका प्रखर अभियन्ता हुन् । २०५२ सालमा जन्मेका पोखरेलले प्लस टू सम्मको अध्ययन अमेरिकामा गरेका थिए भने नेपाल फर्किएर काठमाडौं विश्वविद्यालयबाट बीएएलएलबी पूरा गरे । २०७२ को भूकम्पमा राहत संकलनमा सक्रिय उनी विवेकशील अभियानमार्फत् राजनीतिमा जोडिएका हुन् । काठमाडौं महानगरपालिका मेयर बालेनको टिममा रहेर उनले शिक्षा सहायकविज्ञको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गरे । सामुदायिक विद्यालयमा छात्रवृत्ति वितरण, 'बुक फ्री फ्राइडे' र स्मार्ट बोर्ड जस्ता कार्यक्रमको कार्यान्वयनमा उनको नेतृत्वदायी भूमिका रहेको थियो । स्थानीय तहको अनुभवलाई राष्ट्रिय नीति निर्माणमा लैजाने उद्देश्यका साथ उनी संसदमा प्रवेश गरेका हुन् ।

**निशा डाँगी**

झापा क्षेत्र नम्बर १ बाट भारीमतकासाथ निर्वाचित २९ वर्षीया डाँगी यसअघि २०७९ को संसदमा समानुपातिक सांसदकारुपमा रहेकी थिइन् । २०५३ सालमा झापाको भद्रपुरमा जन्मिएकी उनले सामाजिक कार्यमा स्नातक र पत्रकारितामा स्नातकोत्तर गरेकी छन् । राजनीतिमा आउनुअघि करिब पाँचवर्ष पत्रकारितामा सक्रिय रहेकी डाँगीले अघिल्लो संसदमा 'जेनजी' पुस्ताका माग र मुद्दालाई जोडदार रुपमा उठाएर चर्चा कमाएकी थिइन् । रास्वपाको सचेतकको जिम्मेवारी समेत सम्हालिसकेकी उनी यसपटक प्रत्यक्ष निर्वाचित भएर आएकी हुन् । उनलाई झापामा युवापुस्ताको सशक्त आवाज र नयाँ राजनीतिक संस्कारको संवाहककारुपमा हेरिएको छ ।

**सुलभ खरेल**

रुपन्देही-२ मा प्रभावशाली नेता विष्णु पौडेललाई पराजित गरेर चर्चामा आएका २६ वर्षीय खरेल पेसाले अधिवक्ता हुन् । बुटवल-१६ का स्थायीबासिन्दा उनले नेपाल ल क्याम्पसबाट बीएएलएलबी गरी संवैधानिक कानुनमा अमेरिकाबाट स्नातकोत्तर गरेका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटनविरुद्ध रिट दायर गर्ने सबैभन्दा कान्छो निवेदककारुपमा उनी चिनिएका थिए । रास्वपा सभापति रवि लामिछानेलाई कानुनी परामर्श दिँदै आएका खरेल कतिपय विवादास्पद अभिव्यक्तिका कारण चर्चामा आएपनि उनले आफूमाथिका आरोपलाई झुटो दाबी गर्दै आएका छन् । भ्रष्टाचारविरुद्धको कडा अभियान र कानुनी राज्यको वकालत गर्ने उनले पहिलो प्रयासमै संसदको यात्रा तय गरेका हुन् ।

**मनिष खनाल**

नवलपुर क्षेत्र नम्बर-२ बाट निर्वाचित २६ वर्षीय खनाल विवेकशील नेपाली दलबाट राजनीतिक यात्रा सुरु गरेका युवा हुन् । २०५६ असारमा जन्मिएका खनालले नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक गरेका छन् । सामाजिक र राजनीतिक न्यायका लागि सडक आन्दोलनमा सक्रिय रहँदै आएका उनी रास्वपा सांसद असिम शाहको स्वकीय सचिवका रुपमा समेत काम गरिसकेका छन् । २०७६ सालमा विवेकशीलको कान्छो केन्द्रीय सदस्य बनेका उनले कानुनको विद्यार्थी भएकाले सदनमा कानुन निर्माणमा सक्रिय भूमिका खेल्ने योजना बनाएका छन् । जेनजी विद्रोहको भावना, पारदर्शिता र जवाफदेहितालाई उनले आफ्नो मुख्य राजनीतिक मुद्दा बनाएका छन् ।

**बब्लु गुप्ता**

सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित २८ वर्षीय गुप्ता लहानका स्थायी बासिन्दा हुन् । स्नातक तहसम्मको अध्ययन पूरा गरेका गुप्ता विद्यार्थी जीवनदेखि नै सामाजिक सेवामा समर्पित छन् । द हन्ड्रेड अभियान चलाएका उनले विशेषगरी वैदेशिक रोजगारीमा ठगिएकालाई सहयोग गर्ने र कोभिड-१९ को समयमा नि:शुल्क खाना अभियान चलाएर चर्चामा आएका थिए । जेनजी आन्दोलनको क्रममा उनी युवा तथा खेलकुद मन्त्री बनेका थिए । छोटो कार्यकालमै उनले लहानको अस्पतालको जग्गा नामसारी र कमला पुल पुनर्निर्माणका लागि पहल गरेका थिए ।

**आरेन राई**

खोटाङ-१ बाट निर्वाचित २९ वर्षीय राई श्रमसंस्कृति पार्टीका प्रभावशाली युवा नेता हुन् । २०५३ सालमा जन्मिएका राईले स्नातक तहसम्मको अध्ययन गरेका छन् । २०६८ सालमा माओवादीबाट राजनीतिक यात्रा सुरु गरेका उनी मंगोल नेसनल अर्गनाइजेसन हुँदै हर्क साम्पाङको श्रमसंस्कृति पार्टीमा जोडिएका हुन् । उनी कुनै समय यो देश मुलबासी मंगोलहरुको मात्रै हो भन्दै बाहुन/क्षेत्री लखेट्नुपर्ने अभिव्यक्ति दिँदा विवादमा आएका थिए । जातीय नारामा बढी केन्द्रित रहेको आरोप उनीमाथि लगाइएको थियो ।

# मकवानपुरका ३४ जना उम्मेदवारको धरौटी जफत



साझाकुरा संवाददाता

हेटौंडा, २५ फागुन/ मकवानपुरका ३४ जना उम्मेदवारको धरौटी जफत भएको छ । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा क्षेत्र नम्बर १ का १८ जना र क्षेत्र नम्बर २ का १६ जना उम्मेदवारले आवश्यक मत प्राप्त गर्न नसक्दा धरौटी जफत भएको हो ।

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा क्षेत्र नम्बर एकबाट निर्वाचित भएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद दीपकबहादुर सिंहको पनि धरौटी जफत भएको छ । अघिल्लो निर्वाचनमा २७ हजार भन्दा बढी मत ल्याएर निर्वाचित भएका सिंहले फागुन २१ को निर्वाचनमा भने ४ हजार ७ सय ७५ मत मात्रै प्राप्त गरे । यसक्षेत्रमा १३ राजनीतिक दल र १० स्वतन्त्र गरी २३ जना उम्मेदवार प्रतिस्पर्धामा रहेकोमा विजयी उम्मेदवारसहित पाँचजनाले मात्रै आफ्नो धरौटी जोगाएका छन् । यसक्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रकाश गौतम विजयी भए ।

धरौटी जोगाउने अन्य उम्मेदवारमा नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय डीना, नेकपा एमालेका रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीका विजय गौतम र उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामा रहेका छन् । यसक्षेत्रका ११ जना उम्मेदवारले ५० मतसमेत कटाउन सकेनन् । मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा कुल ९५ हजार ३ सय १० मत खसेको थियो । त्यसमध्ये ९० हजार ७ सय २५ मत सदर भएको थियो ।

त्यस्तै मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ मा कुल ९१ हजार २ सय ४१ मत खसेकोमा ८५ हजार ६ सय १९ मत सदर भएको थियो । यसक्षेत्रमा १६ राजनीतिक दल र ५ स्वतन्त्र गरी २१ जना उम्मेदवार प्रतिस्पर्धामा थिए । यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका प्रशान्त उप्रेती, नेपाली कांग्रेसका बुद्ध लामा, नेकपा एमालेका महेश बर्तौला, नेपाली कम्युनिष्ट पार्टीका लवशेर विष्ट र उज्यालो नेपाल पार्टीका प्रवीणकुमार स्याङ्तानले धरौटी जोगाएका छन् । यसक्षेत्रबाट रास्वपाका उप्रेती विजयी भएका थिए । कुल सदरमतको १० प्रतिशत मत प्राप्तगर्न नसक्ने उम्मेदवारको धरौटी जफत हुने कानुनी व्यवस्था रहेको छ । उम्मेदवारी दर्ता गर्दा बुझाएको १० हजार रुपैयाँ राज्यकोषमा जाने व्यवस्था छ ।

# रास्वपाले अनुमति दिए राष्ट्र बैंकमा डेपुटी गभर्नर नियुक्ति यसै साता

काठमाडौं/२१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा करिब दुई तिहाइ जनादेश पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सहमति दिए सरकारले नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर नियुक्ति यसै साता गर्ने तयारी गरेको छ । राष्ट्र बैंकका दुई डेपुटी गभर्नरको कार्यकाल सोमबार देखि सकिएको छ । त्यसो हुँदा अन्तरिम सरकारले नै डेपुटी गभर्नर नियुक्त गर्छ कि नयाँ सरकार गठन भएपछि मात्रै त्यो काम हुन्छ भनेर निकै चासोसाथ हेरिएको छ ।

सोमबार डेपुटी गभर्नर डा. निलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रको ५ वर्षे कार्यकाल सकिएकाले केन्द्रीय बैंकको जिम्मेवारीबाट मुक्त भएका छन् । वित्तीय क्षेत्रको नियामक निकायलाई लामो समय उच्च अधिकारीविहीन राख्न नहुने भए पनि रास्वपाको सहमतिमा मात्रै नियुक्ति गर्ने-नगर्ने तय गरिने प्रधानमन्त्री कार्यालय स्रोतले बतायो ।

बलियो जनादेश पाएको रास्वपाले सहमति दिए निष्पक्ष ढंगले डेपुटी गभर्नर नियुक्ति गरिने पनि स्रोतले बतायो । 'यो गैरराजनीतिक स्वतन्त्र सरकार हो, हामीले गर्ने हरेक काममा स्वतन्त्र सरकार भएको आभास दिएका छौं, त्यसो हुँदा डेपुटी गभर्नरको पद खाली भएको अवस्थामा क्षमतावान, विवादरहित ढंगले नियुक्त गर्न सकिन्छ,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो, 'यद्यपि, चुनाव जितेको राजनीतिक दलको सहमतिविना भने सरकार अघि बढ्दैन ।' उच्च सरकारी अधिकारीहरूले यस विषयमा रास्वपा नेतृत्वसँग यस विषयमा परामर्श गरे पनि नियुक्ति गर्ने-नगर्ने भन्ने विषय नटुंगिएको पनि स्रोतको भनाइ छ ।

नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १६ अनुसार नेपाल सरकार मन्त्रिपरिषद्ले गभर्नरको सिफारिसमा डेपुटी गभर्नर नियुक्ति गर्ने व्यवस्था छ । गभर्नरले डेपुटी गभर्नर पदमा नियुक्तिका लागि सिफारिस गर्दा राष्ट्र बैंकको विशिष्ट श्रेणीका अधिकृतमध्येबाट कार्यक्षमताका आधारमा रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिस गर्नुपर्ने व्यवस्था राष्ट्र बैंक ऐनमा छ ।

त्यसो हुँदा राष्ट्र बैंकका कार्यकारी निर्देशकमध्ये जोसुकै पनि गभर्नर पदमा नियुक्तिका लागि योग्य हुन्छन् । तर, डेपुटी गभर्नर भएको व्यक्ति बैंकको नियमित सेवाबाट स्वत: निवृत्त भएको मानिने व्यवस्था ऐनमा उल्लेख छ । राष्ट्र बैंकमा हाल १८ जना कार्यकारी निर्देशक छन् । गभर्नरले गरेको सिफारिस अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद् गएर निर्णय हुने गर्छ । तर, ऐनमा पद खाली भएको कति समयमा डेपुटी गभर्नर नियुक्त गरिसक्नुपर्ने भन्ने व्यवस्था नभएको हुनाले नयाँ सरकार नबनुन्जेल नियुक्तिका लागि पर्खन सकिने अवस्था पनि छ ।

राष्ट्र बैंक ऐनले डेपुटी गभर्नर नियुक्तिमा वरिष्ठता भन्दा कार्यक्षमतालाई बढी ध्यान दिएको देखिन्छ । यस विषयमा बुझ्न संचारकर्मीले अर्थमन्त्री रामेश्वर खनाललाई सम्पर्क गर्ने प्रयास गरे पनि उनीसँग कुराकानी हुन सकेन । तर, उनले केही समयअघि एक सार्वजनिक कार्यक्रममा डेपुटी गभर्नर बनाइदिनुपऱ्यो भनेर सोर्सफोर्स लगाउने, फोन गराउने, नातापाता जोड्नेलाई नियुक्तिको कालोसूचीमा राख्ने बताएका थिए । त्यस्तै विवादमा परेका, बैंकका सीईओसँग साँझ बसेर रामरमाइलो गर्नेलाई पनि डेपुटी गभर्नरमा सिफारिस नगर्न आफूले भनेको भनेर अर्थमन्त्री खनालले बताएका थिए ।


हार्दिक बधाई तथा शुभकामना



हालै सम्पन्न निर्वाचनमा मकवानपुर जिल्लाबाट प्रतिनिधिसभा सदस्य पदमा विजयी हुनु भएको राष्ट्रिय स्वतन्त्र पार्टीका मकवानपुर क्षेत्र नं. १ र २ का निर्वाचित प्रतिनिधिसभा सदस्य क्रमश **प्रकाश गौतम** ज्यू र **प्रशान्त उप्रेती** ज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

बाल गोपाल कँडेल (अध्यक्ष) एवम्

**निर्माण व्यवसायी संघ मकवानपुर परिवार**


# भारतीय प्रधानमन्त्री मोदीसँग रवि र बालेनको फोनवार्ता, के भयो कुराकानी ?



काठमाडौं/भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले टेलिफोन संवाद गरेका छन् । फोन संवादमा प्रधानमन्त्री मोदीले रवि-बालेनसँग न्यानो संवाद भएको प्रतिक्रिया दिएका छन् ।

'मैले निर्वाचनमा रास्वपाको जितका लागि दुवै नेतालाई बधाई दिएको छु,' संवादपछि फेसबुकमा प्रतिक्रिया दिँदै मोदीले लेखेका छन्, 'सँगै नयाँ बन्ने सरकारका लागि शुभकामना दिँदै भारतीय सरकारका तर्फबाट साझा प्रगति, समृद्धि र जनकल्याणका लागि प्रतिबद्धता पनि जनाएको छु ।'

प्रधानमन्त्री मोदीले दुवै देशबीचको सम्बन्ध आगामी वर्षमा संयुक्त प्रयासमार्फत अझ उच्च स्तरमा पुग्ने विश्वास समेत व्यक्त गरेका छन् ।

मोदीलाई रास्वपा सभापति रवि लामिछानेले नेपाली जनताले दिएको लोकतान्त्रिक म्यान्डेटलाई सम्मान गरेकामा धन्यवाद दिएका छन् । रास्वपाले अघि सारेको विकास कुटनीतिलाई प्राथमिकता दिइने तथा दुई देशबीच पारस्परिक सम्मान र साझा समृद्धिका लागि मिलेर काम गर्ने लामिछानेले बताएका छन् । भारतीय प्रधानमन्त्री मोदीसँग लामिछाने र बालेनले दुई देशबिचको सम्बन्धलाई अझै माथि लैजानका लागि पारस्परिक सहकार्यका विषयमा काम गर्ने बताएका छन् । उनीहरुले कनेक्टिभिटी र बाणिज्य तथा उर्जाको विषयमा मिलेर काम गर्न चाहेको पनि उल्लख गरेका छन् ।

मोदीसँग फोन संवादपछि ट्वीटरमा लामिछानेले लेखेका छन्– हामी भारतसँग कनेक्टिभिटी, सांस्कृतिक पर्यटन, उर्जा, व्यापार जस्ता विषयमा दुवै देशको हित हुनेगरी सम्बन्धलाई नयाँ उचाईमा लैजान चाहन्छौं ।

# धनुषा-१: विवादका बीच नेकपाका यादवले पाए निर्वाचित भएको प्रमाणपत्र

जनकपुरधाम/निर्वाचन अधिकृतको कार्यालयले धनुषा-१ मा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मातृका यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी शाह कमलको उम्मेदवारी खारेजीले मतगणनाको अन्तिम परिणाम घोषणा विवादमा रहेको बेला मुख्य निर्वाचन अधिकृतको कार्यालयले यादवलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गरेको हो ।

अन्तिम मतगणना परिणामअनुसार यादवको १० हजार ४०३ मत आएको थियो । कांग्रेसका रामपल्टन साहको ९ हजार ५०२ र एमालेका रामचन्द्र मण्डलको ९ हजार ३१५ मत गणना भएको थियो ।

यी उम्मेदवारहरूभन्दा १३ हजारभन्दा बढी मत रास्वपाको चुनाव चिह्नमा आएको थियो । तर रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेजी भएको कारणले उनको परिणाम सार्वजनिक गरिएको छैन ।

गत फागुन १८ गते रास्वपाका उम्मेदवार शाहको उम्मेदवारी निर्वाचन आयोगले खारेजी गरेको थियो । साह त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दिएछन् ।

सोही रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले तत्काल निर्वाचन क्षेत्र नम्बर १ को अन्तिम परिणाम सार्वजनिक नगर्न आदेश दिएको थियो । तर उम्मेदवार खारेजीको अवस्थामा त्यसपछि आफ्नो पहिलो मत रहेकाले निर्वाचन परिणाम घोषणा गर्न र आफूलाई निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गर्न नेकपाका उम्मेदवार यादवले दबाब दिएका थिए ।

# नेपालले शान्तिपूर्ण निर्वाचन गरेकामा बाङ्गलादेशी प्रधानमन्त्रीको बधाई



काठमाडौं/ बाङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानले नेपालमा शान्तिपूर्ण ढंगले निर्वाचन सम्पन्न भएकामा बधाई दिएका छन् । सोमबार फेसबुकमार्फत प्रधानमन्त्री रहमानले संसदीय निर्वाचन सफल र शान्तिपूर्ण रूपमा सम्पन्न गराएकामा नेपाल सरकार र नेपाली जनतालाई बधाई दिएका हुन् ।

'यो महत्त्वपूर्ण लोकतान्त्रिक अभ्यासले नेपाली जनताको आकांक्षा र सहनशीलतालाई तथा उनीहरूको लोकतान्त्रिक संस्थाहरूको मजबुतीलाई प्रतिबिम्बित गर्दछ,' प्रधानमन्त्री रहमानले लेखेका छन् ।

साथै, बाङ्गलादेश सरकार नयाँ सरकार र नेपाली जनतासँग मिलेर दुई देशबीचको लामो समयदेखि रहेको मित्रता तथा सहकार्यलाई अझ सुदृढ बनाउँदै अघि बढ्न इच्छुक रहेको प्रधानमन्त्री रहमानले उल्लेख गरेका छन् ।

# दुई महिनापछि खुले तल्लो मुस्ताङका विद्यालय

मुस्ताङ/मुस्ताङस्थित तल्लो मुस्ताङका विद्यालय दुई महिना पछि खुलेका छन् । हिउँदयाममा चिसोका कारण बन्द भएका यहाँको बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका विद्यालय आजदेखि खुलेको शिक्षा विकास तथा समन्वय एकाइ मुस्ताङले जनाएको छ ।

यहाँका विद्यालयहरूले अर्धवार्षिक परीक्षा सकेर पुस महिनाको पहिलो हप्ता विद्यार्थीलाई जाडो बिदा दिएको थियो । शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेका अनुसार ती क्षेत्रमा १८ वटा विद्यालय छन् ।

मुस्ताङमा हिउँदयाममा पूरै विद्यालय बन्द गरेका शैक्षिक संस्थाले ४५ दिनको सरकारी बिदा र १५ दिनको सट्टा बिदा कटौती गर्ने गरी दुई महिना विद्यालय बन्द गर्ने गरेका छन् ।

त्यसैगरी जाडो छल्न बेंसी झरेका माथिल्लो मुस्ताङका विद्यालयहरूले ४५ दिने सरकारी बिदा गरेर वैशाख महिनामा साविकको स्थानमा शैक्षिक पठनपाठन सुरु गर्ने गर्छन् ।


